Jana Aakash
National Weekly
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१५ , अंक- ३१, २०७९ साल फागुन २३ गते मंगलबार (March 7, 2023)
www.janaakash.com.np



रसनालुको गोकुलगङ्गा मावि ९ स्वर्ण, २ रजत ४ कास्यसहित प्रथम

# राजतन्त्र पुन:स्थापना कति सम्भव !

मोहन कार्की

काठमाडौ । नेपालमा राजतन्त्रको बहस अचेल निक्कै बढेर गएको छ । बिभिन्न राजतन्त्र समर्थित संगठनहरुले यतिवेला कार्यक्रमहरु पनि गरिरहेका छन् । त्यसैमध्य मेडिकल व्यवासयी दुर्गा प्रसाईको नेतृत्वमा यहि फागुन २० गते नयाँ वानेश्वरमा राजतन्त्रको पक्षमा वकालत गर्दै विशाल ऱ्याली सहित सभा भएको छ ।

त्यस सभा पछि नेपालका सर्वत्र क्षेत्रमा राजतन्त्र पुन:स्थापना हुन सक्ने नसक्ने विषयमा बहस शुरु भएको छ । लगभग २३७ सर्ष शाह बंशीय राजतन्त्रले नेपालमा राष्टू प्रमुखको हैशियतमा देशको शासन चलाएको थियो । जसलाई २०६२/६३ को आन्दोलनले राजतन्त्र व्यवास्थालाई विस्थापना गरेको थियो ।

त्यसको लगतै २०६४ सालमा भएको आम निर्वाचन पश्चात २०६५ जेठ १५ गते नेपालमा २०६३ को अन्तरिम संविधानले गणतन्त्र घोषणा गरेको थियो । २०७२ साल असोज ३ गते जारी भएको नेपालको नयाँ गणतान्त्रिक संविधानले व्यवस्था गरे बमोजिम २०७४ सालमा संघियता सहितको स्थानीय, प्रदेश र संघ गरी तिन तहको पहिलो निर्वाचन गरी देश नयाँ सरचनमा गएको थियो ।

त्यसै संविधानले व्यास्था गरेको आवधिक निर्वाचन २०७९ सालमा भई सकेको छ । यि व्यवस्थाहरु परिवर्तन गरी नयाँ युगको थालनी गर्न नेपाली जनताले चाहेका थिए । त्यो अर्थमा प्रत्येक नेपाली जनताले आफ्नो राष्टूको अपनत्व लिने, मौलिक अधिकार प्राप्त गर्ने जस्ता बिषयहरु थिए । संविधानमा उक्त बिषयहरु पनि उल्लेख छन् ।

नयाँ नीति, थिति, विधि लागु भएपछि नेपाल देशका नागरिकहरुले सहज ढंगवाट राज्यवाट प्राप्त गर्नुपर्ने अधिकार, राज्यप्रति जनताले पुरागर्ने दाईत्व त्यसको मैत्रीपुर्ण वातावरण सरकारले बनाउने र सुविधाहरुको आशा गरेका थिए । तर त्यो आशा सर्वसाधरण हेर्दा पार्टीको कार्यकर्ता भत्री गर्ने, विकास निर्माणका बजेटमा कमिशन खाने, आफ्ना नाता, गोतालाई भर्ती गर्ने, अनाआवश्यक विलासिताका समग्री खरिद गर्ने जस्ता बिकृति भ्रष्टचारको चलन गाउँ गाउँमा पुग्यो । कुनै पार्टीमा नलाग्ने सर्वसाधरण



जनताले महसुस गर्न सक्ने काम कतै भएनन् ।

२ बर्षमा संविधान जारी गर्ने लक्ष्य लिएको अन्तरिम सरकारले ८ बर्ष लगाएर मात्र संविधान जारी गरेको थियो । त्यो विलम्ब भएपनि जनताले ढिलो होस् छोरा नै होस् भनेर धैर्य गरेका थिए । समय बित्दै गयो । एक महिना दुई महिना बर्ष ५ बर्ष हुदा हुदा गणतन्त्र स्थापना भएको १९ बर्षमा नागरिकहरुको आर्थिक अवस्था अत्यन्तै खस्किएको अवस्थामा पुगेको छ ।

स्थानीय निकायको प्रमुखहरु राजनीतिक पार्टीवाट बनेका भएपनि छोटा राजनहरुको रुपमा विकास भयो । त्यस क्षेत्रमा हुने गतिविधि र काम गराई नागरिकको कुनै काम नहुने, गुनासो सम्बोधन नहुने अवस्थामा तिनै परिवर्तनका ठुला ठुला स्वरमा भाषण गर्ने पार्टीका नेताहरुले नेतृत्व गरेको पालिकाहरुमा हुन गयो र पालिकाहरु डुङडुङती गनाउन थाले ।

यस्ता बिकृति देखिन थालेपछि जनता अजित हुदै गईरहेको वेलामा राजतन्त्र पक्षधहरुले उठाएका मागहरु भनाईहरु र विदेशी शक्तिले बनाई दिएको डूफ्ट नै नेपालको २०७२ सालको संविधान हो भन्ने आरोप राजतन्त्रवादी र बौद्धिक सर्कलले लगाउने गर्थे त्यो आरोपको बिषय जनताले त्यतिवेला पत्याएका पनि थिएनन् । तर अहिले देखिएको देशको बिकृति र जनताको जीवनमा आएको जर्जर समस्या भोग्नु परेपछि जनताले हो की क्या हो भनेर झस्कीन थालेका थिए ।

देशको प्रदेशका मोडालिटी नेपालको लागि आवश्यक नभएको र नेपालको खर्चले धान्न नसक्ने भन्दै संघियताको राष्टिूय जनमोर्चाका अध्यक्ष तथा संसद चित्र बहादुर के.सी. ले त्यतिवेला नै विरोध जनाएका थिए । तर सदनमा बहुमतको कदर हुने वहुदलीय व्यवस्थामा संघितामा देश गएको थियो ।

त्यसपछि बनेका सयन्त्रहरुले गरेका कामहरु पनि जस्तो राजनीतिक पार्टीको नेतृत्व त्यस्तै गुणस्तर हुने न हो भयो पनि त्यस्तै नेपालका कर्मचारीहरु जो पार्टीको झण्डा बोकेर वा पार्टीको लागि काम गर्ने कर्मचारीहरुलाई सुविधायुक्त ठाउमा सरुवा, बढुवा गरी राजतन्त्रले समेत नगरेको तानाशाही प्रवृति गणतान्त्रिक व्यवस्थामा एउटा खरदार पदको उसले भनेको ठाँउमा सरुवा माग्दा सरुवा गरिदिदा ५ लाँखसम्म घुसखोरी काण्डहरु भएको र उपत्यका तथा शहरी क्षेत्रमा जितेका जनप्रतिनिधिहरुले घुस नदिई उनिहरुको पालिकामा सरुवा आउने कर्मचारीलाई हाजिर गर्न बाँकी ६ पृष्ठमा

## नेपाल निर्माण व्यावसायी महासंघको २८ गते साधरणसभा हुदै

काठमाडौ । नेपाल निर्माण व्यवसायी महासंघको २४ औ साधरणसभा




यहि फागुन २८ गते काठमाडौको कमलादीस्थित प्रज्ञाप्रतिस्ठानमा हुने भएको छ । उक्त कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रमुख अतिथि हुने नेपाल निर्माण व्यावसायी महासंघका अध्यक्ष रवि सिहले जानकारी दिएका हुन् ।

उक्त कार्यक्रममा दुई शेशनको हुनेछ । पहिलो विहानको शेषनमा प्रधानमन्त्रीद्धारा उदघाटन हुनेछ । भने दोस्रो शेषन बेलुका अवार्ड शेरोमनी हुने महासंघका अध्यक्षले जानकारी दिएका हुन् । उक्त कार्यक्रमको सवै तयारी पुरा भईसकेको महासंघ सचीवालयले जानकारी दिएको हो ।

## काठमाडौं उपत्यका निर्माण व्यवसायी संघको ९ औं अधिवेशन सम्पन्न

बिनोद कार्की

काठमाडौं । काठमाडौं उपत्यका निर्माण व्यवसायी संघको ९ औं अधिवेशन ( निर्वाचन) बाट कृष्ण प्रसाद गौतमको अध्यक्षतामा कार्यसमिति निर्वाचित भएको छ । फाल्गुण १२ गते शहरी बिकास मन्त्री बिक्रम पाण्डेले



उद्घाटन गरी रजत जयन्ति, १७ औं साधारण सभा र ९ औं अधिबेशन शुरु भएको थियो ।

(निर्वाचन) मा कुल मतदाता संख्या १६१६ रहेकोमा ११२४ जनाले मतदान गरेका थिए । उक्त मतदाता मध्य कृष्ण प्रसाद गौतम अध्यक्ष र सन्तु शेष्ठको टिमवाट मिश्रित पदाधिकारीहरुले विजयी हाशिल गरेका छन् । २०५४ सालमा स्थापना भएको सस्थाक पदाधिकारीहरु नेपालका कार्यकारी पदहरुमा समेत पुगिसकेका छन् ।

२०५४ सालमा स्वा.आङठेली शेर्पाको नेतृत्वमा तर्दथ समिति गठनबाट हुँदा ७०/८० जनाबाट सुरु भएको यो संघमा रामेछाप जिल्ला नेपाली कांग्रेस पार्टीको तर्फबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित पूर्णबहादुर तामाङ (कान्छाराम) अध्यक्ष नेपाल निर्माण व्यवसायी महासंघका वर्तमान उपाध्यक्ष बालकृष्ण थापा, महासचिव रोशन दाहाल काठमाडौं उपत्यका निर्माण व्यवसायी संघको अध्यक्ष पदमा निर्वाचित थिए ।

हालै सम्पन्न ९ औं अधिवेशन ( निर्वाचन) बाटनिर्वाचित काठमाडौ उपत्यका निर्माणव् यवसायी संघका नवनिर्वाचित पदाधिकारीहरुले मिति: २०७९ फागुन १७ गते पद तथा गोपनीयताको सपथ लिएका छन् । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको प्रमुख आतिथ्यतामा संघले निर्वाचन अधिकृत अधिवक्ता युवककुमार गौतमले नवनिर्वाचित अध्यक्ष कृष्ण प्रसादगौतमलाई पद तथा गोपनीयताको सपथ गराएण्का थिए । त्यस पछि कार्यक्रममा अध्यक्ष कृष्ण प्रसाद गौतमले नवनिर्वाचित अन्य पदाधिकारीहरुलाई पद तथा गोपनीयताको सपथ गराए थिए ।

सपथ ग्रहण कार्यक्रमामा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह, उपाध्यक्ष एवम काठमाडौं उपत्यका निर्माण व्यवसायी संघका निवर्तमान अध्यक्ष बालकृष्ण थापा पुर्व अध्यक्ष एव महासंघका महासचिव रोशन दाहाल, बागमति,प्रदेश निर्माण व्यवसायी बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# हात्ति पाल्न नसक्ने देशमा राष्ट्रपति देखि यतिधेरै जनप्रतिनिधि नपालौं

नेपालमा राष्ट्रपति को निर्वाचन नजिकिदै छ । यसै समयमा राष्ट्रपति को चर्चाले सरकार फेरबदल हुने र प्रधानमन्त्री समेत फेरिने हल्लाहरु आईराखेका छन् । नेपालको राजनीति नेपाली जनताले अनुमान गरेको भन्दा फरक ढंगवाट जान थालेको दशकौं भईसकेको छ । यही समयमा यतिवेला पुनः राष्ट्रूपति को बन्छ भन्ने चर्चा चलिरहेको छ । यहि समयमा सरकारवाट राप्रपा पनि बाहिरी सकेको छ । स्वतन्त्र पार्टी पनि पहिलानै बहिरी सकेको छ । उन्मुक्ति पार्टी पनि बहिरी सकेको छ । नेकपा (एमाले) सरकारवाट वाहिरिने हल्ला चलेको भएपनि सरकारमा नै छ । नेपाली काँग्रेसको सरकारमा जाने हतारो देखिन्छ । माओवादीको सत्तामा बसिरहने तरिका निरन्तर छ ।

नेपालको संविधानले राष्ट्रपति प्रणाली ब्यवस्था गरे बमोजिम २०७२ सालदेखि राष्ट्रूपति प्रणालीमा देश सञ्चलन हुदै आएको छ । त्यो भन्दा अगाडी २०६५ साल जेठ १५ गते नै गणतन्त्र घोषणा गरेर राष्ट्रपति को डा. रामवरण यादवलाई राष्ट्रूपति बनाइएको थियो । उनकै राष्ट्रू प्रमुखको हैशियतमा २०७२ साल असोज ३ गते संविधान जारी भएको थियो । तिनै पुर्व राष्ट्रपति डा. रामवरण यादवले राज्यकोषवाट प्राप्त गरेको ब्याक्तिगत खर्च नेपालले धान्न नकसक्ने गरी सार्वजानिक भएको छ । भने अर्का राष्ट्रूपति विद्यादेवी भण्डारीले पनि फागुन २५ गतेपछि अवकाश लिदैछन् । यसैगरी प्रत्येक पाँचबर्षमा थपिदै जाने राष्ट्रपति र उपराष्ट्रूपति,राष्ट्रूअध्यक्ष, सभामु उपसभामुख, त्यसैगरी २/३ महिनामा चेज हुने प्रधानमन्त्री, मन्त्रीहरुलाई अवकाश पछि दिइने सुविधाले देशको खर्चले नधान्ने देखिएको छ ।

**तलव विवरण यस प्रकार छ**

राष्ट्रपति को तलब मासिक २ लाख ३० हजार १० रुपैयाँ छ । त्यस बाहेक राष्ट्रपतिले पोशाक सुविधा वर्षमा २५ हजार रुपैयाँ पाउँछन् । पदबाट निवृत्त हुँदासमेत एक महिनाको तलब बराबरको रकम थप सुविधाको रूपमा दिइन्छ ।

राष्ट्रूपति आफ्नो ओहोदा सम्बन्धी कामको सिलसिलामा स्वदेश वा विदेशको भ्रमण गर्दाको सम्पूर्ण खर्च सरकारले ब्यहोर्छ । यस्तो भ्रमण गर्दा दैनिक भत्ता तथा बीमा सुविधा पाउने ब्यवस्था छ । स्वदेशमा भ्रमण गर्दा दिनको ३ हजार ३०० रुपैयाँका दरले भत्ता दिइन्छ । विदेशमा भ्रमण गर्दा दैनिक भत्ता दर २ सय ५० अमेरिकी डलर हुन्छ । बीमा २५ लाख रुपैयाँको हुन्छ ।

**आवास सुविधा**

राष्ट्रपतिलाई बस्नका लागि सरकारले नै घरको बन्दोबस्त गरेको हुन्छ । हाल राष्ट्रूपतिका लागि शीतल निवास छ । त्यो घरको मर्मत र सम्भार सरकारले नै गरिदिन्छ । गएको केही बर्ष अगाडी नै नवनिर्मित भवन बनिसकेको छ । उक्त घरका चाहिने आवश्यक सामग्री सवै सारकारले ब्यवास्था गरेको छ ।

राष्ट्रूपतिलाई शानदार सवारी तथा इन्धन सुविधा दिइएको हुन्छ । सवारीसाधनका लागि आवश्यक पर्ने इन्धन, मोबिल तथा मर्मत सम्भार खर्च सरकारले ब्यवस्था गर्छ । राष्ट्रूपतिलाई सञ्चार सुविधा हुन्छ । आवासका लागि टेलिफोन, कम्प्युटर, इन्टरनेट, फ्याक्स, पत्रपत्रिकाजस्ता सञ्चार सुविधाको ब्यवस्था सरकारले नै गरिदिएको हुन्छ ।

राष्ट्रूपतिलाई प्रत्येक महिना मासिक पारिश्रमिक बराबरको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइन्छ । यस्तो खर्चको बिल भरपाइ राष्ट्रूपतिले पेस गर्नुपर्दैन । राष्ट्रूपतिलाई सरकारले एक/एक जना निजी चिकित्सकको ब्यवस्था गरिदिएको हुन्छ ।

यसबाहेक स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च सबै सरकारले नै बेहोर्छ । राष्ट्रूपति अस्पताल भर्ना भई उपचार गराउँदा कुरुवा बस्नुपर्ने भएमा कुरुवा खर्चबापत तीन जनासम्मको खर्चसमेत सरकारले उपलब्ध गराउने ऐनमा ब्यवस्था छ ।

राष्ट्रूपतिले आ□नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने चाडपर्वका लागि आफूले खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउँछन् ।

राष्ट्रूपतिले आ□नो पदीय काममा सहयोगका लागि बढीमा क्रमशः सात र पाँच जना विज्ञ नियुक्त गर्न पाउँछन् । यसरी नियुक्त हुने विज्ञले मासिक पारिश्रमिक तथा सुविधा पाउँछन्, जुन सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुन्छ ।

**निजी सचिवालय सम्बन्धी ब्यवस्था**

आ□नो कार्यभार सम्हाल्नुअघि राष्ट्रपतिले प्रधानन्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने हुन्छ । राष्ट्रूपतिको निजी सचिवालयमा काम गर्ने कर्मचारीलाई सरकारले पारिश्रमिक दिन्छ ।

राष्ट्रूपतिको निजी सचिवालयका कर्मचारी
प्रमुख स्वकीय सचिव (रा.प.विशिष्ट श्रेणी सरह) १ जना ।
सहस्वकीय सचिव (राप प्रथम क श्रेणीसरह) १ जना ।
उपस्वकीय सचिव (रा.पं द्वितीय श्रेणीसरह) २ जना ।
स्वकीय अधिकृत (रा.प. तृतीय श्रेणी सरह) ४ जना ।
कम्प्युटर सहायक (रा.प. अनङ्कित प्रथम श्रेणीसरह) १ जना ।
फोटोग्राफर (रा.पं अनङ्कित प्रथम श्रेणीसरह) १ जना ।
प्रेस संयोजक (रा.प. अनङ्कित श्रेणीसरह) १ जना ।
सवारीचलाक (श्रेणीविहीन) ४ जना ।
कार्यालय सहयोगी ४ जना ।

त्यसैगरी उपराष्ट्रूपति, प्रधानमन्त्री, सभाअध्यक्ष, सभामुख, उपसभामुख, मन्त्रीहरु,संघिय संसदहरु, प्रदेश प्रमुखहरु, प्रदेश मन्त्रीहरु, र स्थानीय निकायका जनप्रतिनिधिहरुले प्राप्त गर्ने सेवा सुविधाहरुको हिशाव गर्ने हो भने नेपालको बजेट यतै सकिने बजेट देखिन्छ । विकासका काममा लगाउने वजेट नै हुदैन अनि काहावाट देशको विकास हुन्छ । ठुलो आहारा भएको हात्ति पाल्न नसक्ने देश नेपालले यतिधेरै खर्च गरेर राष्ट्रूप्रमुख, उपप्रमुख, २/३ महिनामा नै फेरिने प्रधानमन्त्री, मन्त्रीहरुलाई अवकाश पछि पनि दिइने सुविधा दिदा देशले अर्थिक भार थेग्न नसक्ने अवस्थामा देखिन्छ ।

एकातिर भने अर्कोतर्फ सर्वसाधरण जनताले राज्यप्रति हेर्ने दृष्टिकोण शंकास्पद बनाउदै लगेका छन् । जनताले विश्वास गरेर जनताले नै चुनेर पठाएकाहरुलाई अवकाश पछि पनि ठुलो संख्यामा सुरक्षा, सेवा सुविधा दिदा जनतास्तरभन्दा अर्को नै संसारवाट यहि देशका हिजो सँगै खाने बस्ने हिड्ने एउटै क्षेत्रमा काम गर्ने देशका प्रतिनिधिहरुको रवाफ देखेर सर्वसाधरण जनताको नजरमा शंका उत्पन्न भएको हो । यस्ता प्रवृतिलाई परिमार्जन गरी समग्र जनताको राष्ट्रू जनताको प्रतिनिधि हुने जनता र राष्ट्रू प्रमुख, उपप्रमुख, कार्यकारी लगायत जनताका विश्वास जित्ने वातावरण बनाउनुपर्छ । नीतिमा नै समस्या उल्लेख भएको बिषलाई परिमार्जन गरेर भएपनि देशको हितमा हुने काम होस् ।

# सुशासन र दिगो विकास

**श्यामप्रसाद मनाली**

सबै प्रकारका सरकार सुशासन कायम गर्न लागिपरेको दाबी गर्दछन् । तर, यसका लागि केही पूर्व सर्तलगायत यसका मौलिक विशेषता हुन्छन् । सुशासनका दिशामा अघि बढन् यसमा विशेष ध्यान दिनुपर्नेहुन्छ । यो आलेखमा यही विषयलाई संक्षिप्तमा प्रस्तुत गर्ने प्रयास गरिएको 'सुशासन' भन्नु नै मानवअधिकारप्रतिको पूर्ण सम्मान, विधिको शासन, प्रभावकारी जनसहभागिता, काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता, सार्वजनिक क्षेत्रको प्रभावकारिता, काम कारबाहीको वैधता, सूचनामा पहुँच, समन्याय, सशक्तीकरण, दिगोपन, सकारात्मक प्रवृत्ति र उत्तरदायित्व, ऐक्यबद्धता र सहिष्णुतालाई प्रवर्द्धन गर्ने मूल्यमान्यता हो । कानुनी शासनद्वारा सार्वजनिक स्रोतसाधनको उचित व्यवस्थापन गर्दै नागरिक अधिकारको प्रचलनमा राज्यको काम कारबाही केन्द्रित गर्नु नै 'सुशासन' हो । सुशासनको अभावमा सभ्य संवैधानिक राज्य निर्माण हुन सक्दैन । 'हिंसाको संस्कृति'बाट मुलुकलाई 'शान्तिको संस्कृति'मा रूपान्तरण गर्न 'सुशासन' आवश्यक छ ।

आधुनिक विश्व मानव अधिकारवादको सिद्धान्तबाट सञ्चालित छ । मानव अधिकार र सुशासन अन्तरसम्बन्धित विषय हुन् । मानव अधिकारको आधारभूत मान्यताले शासनको शैली निर्धारण गर्छ । सुशासन बिनादिगो विकास र समृद्ध मुलुक सम्भव हुँदैन । सुशासन अर्थपूर्ण हुन बलियो न्यायपूर्ण व्यवस्थाका साथै राजनीतिक र प्रशासकीय प्रक्रिया जिम्मेवार र उत्तरदायी हुनुपर्छ । सुशासनले सार्थकता प्राप्त गर्न मुलुकमा लोकतान्त्रिक संरचनाको निर्माण, प्रभावकारी सेवा र वस्तुको प्रवाह, राज्यका निकायको क्षमता अभिवृद्धि र विधिको शासनको पालना, भ्रष्टाचार र अनियमितताको रोकथाम र नियन्त्रण आवश्यक हुन्छ । दिगो शान्ति र समृद्ध मुलुक निर्माण लोकतान्त्रिक राज्य व्यवस्था, मानवअधिकारप्रति प्रतिबद्ध राजनीतिक प्रणाली, विधिको शासन, भ्रष्टाचारमुक्त समाज, दण्डहीनताको अन्त्यद्वारा जवाफदेहिताको संस्कृतिको विकास, जनउत्तरदायी सरकार, काम कारबाहीमा पारदर्शिताजस्ता आधारभूत मान्यताजस्ता कुरा आवश्यक पर्छ । द्वन्द्वपछिको समाजमा दिगो शान्ति स्थापना हुन शासन व्यवस्था उत्तरदायीपूर्ण हुनुपर्छ । नयाँ राजनीतिक प्रणालीले जनताबाट वैधता प्राप्त गर्नुपर्छ । मेलमिलाप र पुनर्मिलनको संस्कृतिको विकास हुनुपर्छ । अपराध गर्नेहरूलाई हतोत्साही गर्न विधिको शासन लागू हुनुपर्छ । राज्य व्यवस्थाप्रति विश्वास जगाउन प्रशासनयन्त्रको क्षमता वृद्धिका साथसाथै संस्थागत विकासका पूर्वाधार निर्माण हुनुपर्छ । राज्यको वैधानिक एकाधिकार प्रतिको विश्वास र राज्यप्रतिको बफादारिता जगाउनुपर्छ । भविष्यमा हुन सक्ने द्वन्द्वको पहिचान गरी समयमा नै त्यसको रोकथाम र निवारणको विशेष व्यवस्था हुनुपर्छ । आर्थिक(सामाजिक रूपान्तरणद्वारा शान्तिको संस्कृति निर्माण गर्नुपर्छ । यस्ता कुराहरूको सुनिश्चितता गर्न सकिएन भने द्वन्द्वका चक्र घुमिरहन्छन् । आधुनिक विश्वले मुलुकमा सुशासनका लागि निश्चित पूर्वसर्तहरू निर्धारण गरेको छ । सरोकारवाला पक्षको सहभागितामा नीतिको तर्जुमा, सूचनामा नागरिकको सहज पहुँच, निर्णय प्रक्रियामा जनताको सहभागिता र न्यायमा सहज पहुँचको सुनिश्चितता, विधिको शासन जसमा उचित कानुनको तर्जुमा गरी मानवअधिकारका आधारभूत मान्यतालाई आत्मसात् गरी तर्जुमा गरिएको कानुनी व्यवस्था र त्यसको समुचित प्रयोग, काम कारबाहीमा पारदर्शिता, जसमा खराब र कमजोर शासन व्यवस्थामा भ्रष्टाचार अत्यधिक हुने कारण आमनागरिकमा शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवाजस्ता विषय सहज पहुँच आवश्यक छ । निर्णय प्रक्रिया पारदर्शी नहुँदा विभिन्न किसिमबाट भ्रष्टाचार हुन्छन् । व्यक्तिगत, निजी वा व्यापारिक स्वार्थ पूर्ति गर्न सोहीअनुरूप ऐन, कानुन, नीति बनाउने कार्य 'राज्य कब्जारूपी भ्रष्टाचार'को उदाहरण हो भने कानुन र नीतिको कार्यान्वयन गर्दा गरिने भ्रष्टाचार 'प्रशासनिक भ्रष्टाचार' हो । कमजोर शासन सामाजिक(आर्थिक संरचना, संस्थागत असक्षमता र राजनीतिक इच्छाशक्तिको अभावमा नै भ्रष्टाचार मौलाउँछ ।

भ्रष्टाचारको रोकथाम र निवारणका लागि पारदर्शिता आवश्यक पर्छ । सरकारी काम कारबाहीमा खुलापनका साथै सार्वजनिक निकायको निर्णय प्रक्रिया र परामर्शदायी कार्यमा खुलापन हुनुपर्छ । कुनै पनि संगठन वा निकायले आफ्आफ्ना कामकारबाही तोकिएको वा मुनासिव समयभित्र सम्पादन गर्ने गरी उत्तरदायित्व वहन गर्नुपर्छ, सरोकारवाला पक्षबीच नीतिनिर्माण र निर्णय प्रक्रियामा सहमति हुनुपर्छ, समाजका कमजोर वर्ग र समुदायबीच समन्यायको आधारमा उनीहरूप्रति व्यवहार गरिनुपर्छ, सार्वजनिक सेवाको प्रवाहमा प्रभावकारिता र दक्षता हुनुपर्छ, सार्वजनिक निकायका निर्णयकर्ता, निजिक्षेत्र वा सामाजिक क्षेत्रले आमनागरिक र सरोकारवालासँग जवाफदेही हुनुपर्छ । सार्वजनिक सेवा प्रभावकारी नभएसम्म सुशासन सहज हुँदैन ।

सार्वजनिक क्षेत्रमा देखिने असक्षमता र अप्रभावकारिताका कारणमा मूलतः अवैज्ञानिक सांगठनिक ढाँचा, कमजोर कानुनी व्यवस्था, राजनीतिक हस्तक्षेप, पुरातनवादी कार्यशैली, कमजोर मूल्यांकन प्रणाली, अप्रभावकारी अनुगमन व्यवस्था, कार्यस्थलको खराब वातावरण र व्यापक भ्रष्टाचार नै हो । सार्वजनिक, निजी, कर्पोरेट सबैले सुशासनको मान्यता अनुरूप कार्य गरेमा नै सुशासन अर्थपूर्ण बन्ने हो । सुशासन भएमा राज्य व्यवस्थाप्रति जनताको विश्वास बढ्छ । काममा उत्साह र काम गर्न जनताको समर्थन प्राप्त हुन्छ ।

मुलुकमा संकट समाधान गर्न सक्ने क्षमता वृद्धि हुन्छ । मुलुकको आर्थिक अवस्था सुदृढ हुन्छ । अन्ततः नागरिक र राज्यबीचको सम्बन्ध बलियो हुन्छ । मुलुकमा सुशासन भएन भने राज्य असफल हुन पुग्छ । संयुक्त राष्ट्रूसंघ विश्व सहस्राब्दी घोषणा ले मुलुकमा दिगो शान्ति र सुशासनका लागि लोकतन्त्रप्रतिको प्रतिबद्धता, कानुनी शासनको सुदृढीकरण, अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्राप्त मानवअधिकार प्रतिको सम्मानमा जोड दिएको छ । अर्थात् लोकतन्त्र, मानवअधिकार र सुशासनप्रतिको प्रतिबद्धताबाट नै सभ्य मुलुक निर्माण हुन सक्छ । विकासको फल समान रूपमा सबैमा सुनिश्चित गर्न 'सुशासन' आवश्यक छ । राज्य, नागरिक समाज, निजी क्षेत्र सबैले आ(आफ्नो भूमिका निर्वाहमा शान्तिको खोजी, स्वतन्त्रता, सामाजिक न्याय र समन्याय, दिगो विकास, द्वन्द्वको व्यवस्थापन, अपराधको नियन्त्रण, गरिबी निवारण तथा असमान आयको अन्त्य, वातावरणको संरक्षण, सार्वजनिक प्रशासनको सुधार र सुदृढीकरण, मानवअधिकार र लोकतन्त्रको अभिवृद्धिजस्ता कुरामा केन्द्रित गर्नुपर्छ । विश्वव्यापीकरणको जटिलताभित्र परिवर्तनको सुनिश्चितताका लागि राज्यको क्षमतामा अभिवृद्धि त्यतिकै आवश्यक छ । कमजोर विधिको शासन र जवाफदेही बिनाको राजनीति तथा दण्डहीनताको संस्कृतिले सुशासनलाई जीवन्त बनाउन सक्तैन । मुलुकमा सुशासन भएन भने शासन गर्ने क्षमता, राज्यको वैधता र शासन गर्ने अधिकारको मान्यतामा नै अघात पुग्न सक्छ । नेपाल लामो समयदेखि राजनीतिको प्रयोगशाला भइरहेका कारण राजनीतिक अस्थिरताले सुशासन सहज हुन सकेको छैन । यस सन्दर्भमा राजनीतिक स्थायित्वको साथसाथै कर्मचारीतन्त्रमा जिम्मेवारी पन्छाउने प्रवृत्तिको अन्त्य गर्दै सुशासन संस्कृतिको निर्माण अहिलेको आवश्यकता हो ।

यसैगरी दण्डहीनताको संस्कृतिबाट जवाफदेहिताको संस्कृतितर्फको रूपान्तरण सुशासनका निम्ति महत्वपूर्ण पक्ष भएकाले जवाफदेहिताको संस्कृति र प्रतिबद्धताको कार्यान्वयनद्वारा 'सुशासन' अर्थपूर्ण हुन सक्छ भन्ने मान्यतामा प्रशासन सञ्चालन हुनुपर्छ । यसो भएमा नै प्रशासनयन्त्र विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम हुन सक्छ । नेपालको विद्यमान सार्वजनिक प्रशासनलाई प्रक्रियामुखीभन्दा परिणाममुखी तथा सेवाग्राहीप्रति जिम्मेवार बनाउन आवश्यक छ । प्रशासनयन्त्रलाई दलीयकरणबाट मुक्त राख्न सार्वजनिक प्रशासनका आधारभूत मूल्यमान्यतासम्बन्धी सिद्धान्तलाई संविधानमा सुनिश्चित गर्ने, कर्मचारी प्रशासनमा दलीय आधारमा ट्रेडयुनियन स्थापना गर्ने होडबाजीलाई अन्त्य गरी सबै राजनीतिक शक्ति सार्वजनिक प्रशासनको निष्पक्षता, व्यावसायिकता र सक्षमतामा प्रतिकूल असर नपर्ने गरी ट्रेडयुनियनका सम्बन्धमा एउटै दृष्टिकोणका साथ एकै कित्तामा उभिनुपर्ने त्यसैगरी सार्वजनिक संस्थानलाई चुस्त बनाउन सार्वजनिक संस्थान सेवा आयोगको समेत गठन हुनुपर्ने, सार्वजनिक प्रशासनलाई 'प्रणालीउन्मुख' बनाउन कर्मचारीको नियुक्ति, पदस्थापना, सरुवा, वढुवा, विभागीय कारबाही, वृत्ति विकासका विभिन्न पक्षमा पारदर्शी प्रणाली अवलम्बन गर्ने, कर्मचारीको मनोबल उच्च बनाइराख्न सोहीअनुरूपको तलब सुविधा तथा प्रेरणादायी कार्यक्रम लागू गर्ने, निजामती सेवामा गरिने बढुवा वस्तुगत, वैज्ञानिक र अनुमानयोग्य बन्न सकेको छैन । कार्य सम्पादनको मूल्यांकन पद्धति वैज्ञानिक नभएको हुँदा चाकडी प्रथाले प्रश्रय पाइरहेको कारण सक्षम र योग्य व्यक्तिलाई पछाडि पार्ने त्यस्तो अस्वस्थ गतिविधिलाई नियन्त्रण गर्न बढुवा प्रणालीमा सुधारको आवश्यकता छ । यसका निम्ति विभिन्न ढोकाबाट बढुवा गराउने व्यवस्था बढुवासम्बन्धी अन्तर्राष्ट्रिय मूल्यमान्यता संगत देखिन्न । बढुवाका सम्बन्धमा विभागीय कारबाहीमा परेका वा तोकिएको पदीय जिम्मेवारी सन्तोषजनक रूपमा बहन नगरेका कर्मचारीबाहेकलाई पदोन्नति गर्नेगरी 'जेष्ठतामा आधारित बढुवा प्रणाली' लागू गर्ने, सार्वजनिक प्रशासनको हरेक तहमा समावेशीकरणको सिद्धान्तलाई मात्र आधार बनाउँदा 'योग्यता प्रणाली' क्षीण भई सार्वजनिक प्रशासन प्रभावकारी हुन नसक्ने अवस्था सिर्जना हुन सक्ने भएकाले प्रशिक्षण र तालिमद्वारा अल्पसंख्यक तथा अधिकारबाट वञ्चित भएकाको सशक्तीकरण गर्ने नीति अख्तियार गरी एक तहमा मात्र समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने कुरामा जोड दिइनुपर्छ ।

दुर्गम क्षेत्रमा राज्यको अस्तित्वको बोध गराउन सक्षम र अनुभवी व्यक्तिलाई समेत पठाउने नीति अवलम्बन गरी दुर्गम क्षेत्रमा सेवा गरेका आधारमा वढुवा गर्ने प्रणालीको विकास गर्न सकिएमा दुर्गम क्षेत्रमा राज्यले न्याय गरेको अनुभूति हुन सक्ने भएकाले त्यसतर्फ राज्य गम्भीर हुनुपर्ने, सार्वजनिक प्रशासनमा इमानदारिता कायम गर्न काम कारबाहीमा पारदर्शिता र जवाफदेहितासहित कार्य सम्पादन गर्ने प्रक्रियामा सुधार गरी सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति सार्वजनिकीकरण गर्ने नीति लागू गर्ने, लहड वा राजनीतिक भागबन्डाका आधारमा मन्त्रालय थप्ने टुक्र्याउनेजस्ता अस्वस्थकर अभ्यासलाई नियन्त्रण गरी वस्तुगत आधारमा कानुनद्वारा नै मन्त्रालयको संख्या निर्धारण गर्ने र सोहीअनुरूप सांगठनिक संरचना, कार्यविभाजन, नीति र कानुनमा सुधार गर्ने, अन्तराष्ट्रिय रूपमा विकसित भएका सुशासनका आधारभूत मान्यतालाई आत्मसात् गरी त्यसको प्रयोग र पालना कडाइका साथ लागू गर्ने, खराब काम गर्ने वा अपराधजन्य कार्य गर्नेलाई राजनीति तथा प्रशासन कतैबाट पनि संरक्षण नगरी दण्ड र सम्मानको उचित प्रयोग गर्ने, प्रशासनिक निकायको काम कारबाहीमा विद्युतीय शासन पद्धतिका प्रक्रिया प्रयोग गर्दै प्रशासनलाई प्रविधिमैत्री बनाउने, सुशासनका निम्ति सार्वजनिक सुनवाइ, सार्वजनिक लेखा परीक्षण, सार्वजनिक मत सर्वेक्षण तथा गुनासो व्यवस्थापनजस्ता कुरा प्रभावकारी रूपमा लागू गर्ने । मुलक कमजोर अवस्थाबाट गुज्रिरहेको छ । राजनीतिक अस्थिरताले सुशासन चुनौतीपूर्ण बनेको छ । मुलुक सधैं प्रयोगशाला बनिरहेको छ । सुशासनका निम्ति मुलुक सधैं प्रयोगशाला भइरहनुहुँदैन । सार्वजनिक प्रशासनले केही सफलता प्राप्त गरेको भए पनि यस क्षेत्रमा असंख्य विकृति छन् । यस्ता विकृतिलाई समयमा नै सुधार गर्न सकिएन भने सार्वजनिक प्रशासन नतिजामुखी हुन सक्दैन । सुशासनका निम्ति राजनीतिको अठोट र कर्मचारीको निष्ठा जरुरी छ ।

दण्डहीनताको संस्कृति मौलाउँदै गएको अवस्थामा जवाफदेहिताको संस्कृति निर्माण गर्न सकेमा नै सार्वजनिक प्रशासनप्रतिको विश्वास बढ्न सक्छ । अन्यथा मुलुकले अनेकौं समस्या भोग्नु पर्नेछ । मुलुक निराशाको अवस्थाबाट गुज्रिरहेको हुँदा सिर्जनशील कार्यद्वारा आशाको संस्कृति विकास गर्न समर्पित हुनु नै अहिलेको आवश्यकता हो । यस दिशामा नेपाल सरकार, राजनीतिक दललगायत सम्बन्धित सबै पक्ष विशेष रूपमा गम्भीर हुनुपर्ने स्थिति छ । राजधानी दैनिक

**मुलुकमा संकट समाधान गर्न सक्ने क्षमता वृद्धि हुन्छ । मुलुकको आर्थिक अवस्था सुदृढ हुन्छ । अन्ततः नागरिक र राज्यबीचको सम्बन्ध बलियो हुन्छ । मुलुकमा सुशासन भएन भने राज्य असफल हुन पुग्छ । संयुक्त राष्ट्रूसंघ विश्व सहस्राब्दी घोषणा ले मुलुकमा दिगो शान्ति र सुशासनका लागि लोकतन्त्रप्रतिको प्रतिबद्धता, कानुनी शासनको सुदृढीकरण, अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्राप्त मानवअधिकार प्रतिको सम्मानमा जोड दिएको छ । अर्थात् लोकतन्त्र, मानवअधिकार र सुशासनप्रतिको प्रतिबद्धताबाट नै सभ्य मुलुक निर्माण हुन सक्छ ।**

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# पार्टी फरक भएपनि हामी सुनकोशी गाउँपालिकाको जनताको पक्षमा एकमत छौं उपाध्यक्षः कोइराला




**कपिल कुमार कोइराला**
उपाध्यक्ष

## सुनकोशी गाउँपालिका सिन्धुली, बागमती प्रदेश

**० अहिले तपाईहरु नव निर्वाचित भएपछि यस गाउँपालिकामा भएका प्रगति बताईदिनुस न ?**

हामी २०७९ बैशाखमा निर्वाचित भएर आएका हौ अहिले करिव १० महिना हुदैछ। यस अवधिमा यस गाउँपालिकालाई विकासमा अधि बढाउन, जनतालाई सुविधा दिन गर्नुपर्ने कामहरु गरिरहेका छौ। हामीसँग भएका स्रोत साधनले भ्याएसम्म याही र अपुग भएका ठाउँमा हामीभन्दा माथिल्लो निकाय प्रदेश, संघमा समेत अनुरोध गरेर रकम कलम ल्याएर विकासका काम र जनतालाई सुविधा दिने काममा लागेका छौ। खानेपानी समस्या निर्मुल गरेका छौ। कतै कतै खानेपानीको अझै बाकी रहेका समस्या चाडै सावधान गर्ने गरी काम गरिरहेका छौ।

जसमा हामीले राम्रो काम गर्नेलाई पुरस्कृत र गलत काम गर्नेलाई दण्डित गर्ने काम गरेका छौ। एउटा तपाइलाई घटनाको स्मरण गराऔ। उता नागीमझुवा भन्ने ठाउमा वाटोको लागि २ करोडको ठेक्का थियो त्याहा २७ लाँखको काम पनि नगरेको हुनाले त्यस ठेकेदार कम्पनीलाई कालो सुचीमा हालेका छौ। यसैगरी हाम्रो बलबुताले भ्याएसम्म पालिकाको विकासमा लागिरहेका छौ।

**० पछिल्लो राजनीतिक घटनाक्रमहरु चलिरहेका छन्। तपाईहरु भिन्नाभिन्नै पार्टीका जनप्रतिनिधिहरु हुनुहुन्छ। याहा त्यसको असर कति छ ?**

राजनीतिक अदल बदल भाको कुरा त सर्वबिदितै छ। काम गर्ने सवालमा त्यस्तो समस्या छैन। पालिका अध्यक्षमा नेकपा (माओवादी केन्द्रका ) अध्यक्ष हुनुहुन्छ। म नेपाली काँग्रेसवाट उपाध्यक्षमा चुनाव जितेको हो। उहा र मेरो बिचमा समस्या छैन। हामीले विकास निर्माणका कुरामा एकमत छौ। केन्द्रीय लेवलमा राजनीतिक अदल बदल जे सुकै होस् वास्था भएन। यहाका नागरिकका समस्याका सवै पालिका देखि सवै वडामा अनुगमन देखि लिएर मिलेर काम गरिहेका छौ।

**० सिन्धुली जिल्ला निक्कै महत्व बोकेको जिल्ला हो। जाहा विपि कोइरालाको जन्म भएको थियो। यस सुनकोशी गाउँपालिकालाई एउटा यस्तो विशेषता बनाएर अगाडी बनाउने योजना के छन् ?**

विपीको जन्म भएको जिल्ला हो। कृष्ण प्रसाद भट्टराईको बुबा जन्मेको जिल्ला पनि हो। प्रजातन्त्रका लागि योगदान दिन र जनतालाई वाक स्वतन्त्रता, नागरिकको हक, अधिकार प्राप्त गराउन योगदान दिने राष्टि्रय व्यात्तित्वहरु जन्मेको जिल्ला भएको र उहाहरुकै प्रेरेणले हामी वाक स्वतन्त्रता प्राप्त भएको छ। त्यसो भएको हुनाले पहिलो प्रथामिकता हामी याहाका नागरिकहरुलाई चित्त नबुझेका कुरा स्वतन्त्र निर्धक्क भएर राख्न पाउने, उनिहरुलाई लागेका कुरा आफ्ना जनप्रनिधिलाई सुझाव दिन वालिक अधिकार सुनिश्चित गराउने काम गरिराखेका छौ। त्यसको अलवा धेरै कुराहरु छन्। यसमा अहिले विपी वाइवे हामीसँग ईतिहास सँगै विकास जोगिएर आएको छ। यसको सदुपयोग गर्नुपर्छ भनेर लागेका छौ। वि.पी. वाइवेसँग जोडिएका साहायक सडकहरुलाई जस्तै नागी देखि तालढुङगासम्म सडक जोडेर यस पालिकावाट उत्पादित कृषि सामग्रीलाई बजारमा पुर्‍याउने र आर्थिक रुपमा सम्पन्न गराउने काम गर्ने हाम्रो ध्यान छ। आर्थिक रुपमा सुनकोशी खोलामा गिट्टी बालुवाको ठेक्कावाट आम्दानीको स्रोत हुने ठाउँ थियो। तर त्यो ठेक्काको लागि दुईपटक सूचना प्रकाशित गर्दापनि ठेक्का लाग्न सकेन त्यो अहिले आएको आर्थिक मन्दीले पनि होला। आन्तारिक अन्य स्रोत जुटाउन अध्यक्ष ज्यु र म लगायत सवै वडाका अध्यक्षहरु लागिरहेका छौ।

**० तपाई उपाध्यक्ष हुनुहुन्छ। यो पद विशेष गरेर न्यायिक समिति, महिला, बालबालिका, अपाङग, जेष्ठ नागरिकहरुको क्षेत्रमा काम गर्ने पद हो। तपाई पुरुष हुनुहुन्छ कतिको सहज छ। काम गर्नलाई ?**

मलाइ सवै नागरिकहरुले मतदान गरेर जिताउनु भएको हो। यो पार्टी,उ पार्टी नभनिकन म नेपाली काँग्रेस पार्टी भएपनि उपाध्यक्ष हुदा अलिकति भित्र चै मनस्थिति अलिकता के हो के हो जस्तो वातावरण नभएको जस्तो मास मिटिङमा हामी गइयो भनेपनि के अगाडी जाने जस्तो कुरा त हुन्छ। तर नागरिकलाई सम्झे पछाडी म अगाडी बढ्दै पर्छ र महिला, बालबालिका लगायतलाई सौहार्दापुर्ण महिनामा कम्तीमा एकपटक कुनैवेला इमरजेन्सी परेमा तुरुन्तै वैठक राखेर पनि समस्याको सावधान गर्ने जस्ता काम गर्दै आएका छौ। अपाङ के कति छन्। उहाहरुलाई व्यवस्थापन गर्ने उहाहरुलाई डाक्टर ल्याएर उपचार गराउने सेवा सुविधाहरु प्रदान गर्ने, बालबालिकाहरुको लागि पनि त्यसैगरी कार्यक्रम अगाडी बढाएका छौ। जसको सानैमा विविध कारणले बाबु( आमा छैनन्। वा गरिवीका कारण पढ्न नपाएका बालबालिकाको लगत संकलन गरेर उनिहरुको व्यवस्थापन कसरी गर्ने भनि योजना नै बनाएर काम गरिहरका छौ।

लैगिङ हिंसा नहोस भनेर वेला वेलामा सचेतना कार्यक्रमहरु संञ्चालन गरेर पनि काम गरिराखेका छौ। मैले कुनै महिला, बालबालिका सम्बन्धि ज्ञानको अभाव भएमा अध्यक्ष ज्युलाई सोधेर पनि काम गर्छु। यसरी मिलेर पालिकाको विकासमा हामी लागेका छौ।

**० अन्तमा भन्न लागेका तर छुटेका केही छन भने भन्नुस्**

मलाई यहाका नागरिकहरुलाई के आग्रह गर्न चाहान्छु भने तपाईहरुले जसरी विस्वास गरेर जिताउनु भएको छ। त्यसैगरी काम गर्नपनि विस्वास गरेर अगाडी बढ्ने अवसर दिनुहोस् समस्या जे छन् निर्धक्क फोनमा वा भेटेर गर्नुस् भन्न चाहान्छु भने तपाइको यो जनआकाश साप्ताहिक तथा जनआकाश टिभीमा मेरा भनाई आम नागरिकमा पुर्‍याउन दिनुभएकोमा धन्यावाद दिन चाहान्छु।

# उत्कृष्ट बन्यो जैमिनी नगरपालिका

गलकोट। बागलुङ जिल्लाका १० पालिकामध्ये कार्य सम्पादनमा जैमिनी नगरपालिका उत्कृष्ट भएको छ। राष्टि्रय प्राकृतिक स्रोत तथा वित्त आयोगको हालै सार्वजनिक प्रतिवेदन अनुसार कार्य सम्पादन मूल्याङ्कनमा बागलुङको जैमिनी नगरपालिका उत्कृष्ट भएको छ।


आयोगले आर्थिक वर्ष २०८०/८१ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनका लागि कार्य सम्पादन मूल्याङ्कनमा जैमिनी नगरपालिका उत्कृष्ट भएको हो। आयोगले स्थानीय तहले प्रविष्ठ गरेको विभिन्न १७ वटा सूचकाङ्कका आधारमा जिल्लाका १० पालिकामध्ये जैमिनी नगरपालिकाले सबैभन्दा बढी अङ्क प्राप्त गरी प्रथम हुन सफल भएको हो। जैमिनी नगरपालिकाले ६७ दशमलब ७३ अङ्क प्राप्त गरेको छ। नगरपालिकाले लिएको लक्ष्य, पारदर्शीता, सुशासन तथा कार्य सम्पादनका आधारमा जिल्लाका पालिकामध्ये सबैभन्दा बढी अङ्क प्राप्त गरेको जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो। "सूचकाङ्कका आधारमा कार्य सम्पादन मूल्याङ्कनमा ६७ दशमलव ७३ अङ्क प्राप्त गरेको हो, यो जिल्लाका अन्य पालिकामध्ये उत्कृष्ट अङ्क हो", शर्माले भन्नुभयो, "नगरपालिकाको संस्थागत निर्णय, माथिल्लो निकायलाई तिर्नुपर्ने विभिन्न कर, राजस्व सङ्कलन तथा व्ययको अनुमान गरे नगरेको लगायतका १७ सूचकाङ्कमा जैमिनी नगरपालिका राम्रो देखिएको हो।"कार्य सम्पादन मूल्याङ्कनमा ढोरपाटन नगरपालिका दोस्रो भएको छ। ढोरपाटन नगरपालिकाले ६३ दशमलब ३६ अङ्क प्राप्त गरेको छ। बरेङ गाउँपालिकाले ६१ दशमलब ९७ अङ्क प्राप्त गरी तेस्रो भएको छ। तमानखोला गाउँपालिकाले ६१ दशमलब ५७, गलकोट नगर पालिकाले ६१ दशमलब ०१, बडिगाड गाउँपाकिलाले ५७ दशमलब ८७, बागलुङ नगरपालिकाले ५६ दशमलब ४०, ताराखोला गाउँपालिकाले ५४ दशमलब ३१, काठेखोला गाउँ पालिकाले ५३ दशमलब ६० र निसीखोला गाउँपालिकाले ५२ दशमलब ४४ अङ्क प्राप्त गरेको छ। स्थानीय तहले विसं २०७९ असार १० गतेभित्र आव २०७९/८० को राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरे नगरेकालाई पहिलो सूचक बनाइएको छ। आव २०७९/८० को राजस्व र व्ययको अनुमान सम्बन्धित सभाबाट २०७९ असार मसान्तभित्र पारित गरे नगरेकालाई दोस्रो सूचक बनाइएको छ। स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे नगरेकोलाई तेस्रो सूचक बनाइएको छ। स्थानीय तहले आव २०८०/८१ को आय व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०७९ पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरे नगरेकोलाई चौथो सूचक बनाइएको छ। स्थानीय तहले आव २०७८/७९ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी सम्बन्धी विवरण २०७९ कात्तिक मसान्तभित्र सार्वजनिक गरे नगरेकालाई पाँचौं सूचक बनाइएको छ। आव २०७८/७९ को राजस्व सङ्कलनको प्रक्षेपित लक्ष्य, आव २०७८/७९ को यथार्थ राजस्व सङ्कलन रकम, आव २०७७/७८ को यथार्थ राजस्व सङ्कलन रकम, आव २०७८/७९ मा कूल विनियोजित रकम, आव

बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## नेपालकै अग्लो गणेश मूर्ति रामेछापमा

रामेछाप। रामेछापको नगरपालिका ८ डकुरसिं डाडा"मा नेपालकै अग्लो गणेशको मूर्ति स्थापना गरीएको छ। साढे २१ फिट अग्लो उक्त मुर्तिको स्थापना बिहिबार गरीएको हो। मुर्ति स्थापना गर्ने कार्यमा सम्लन ईन्जिनियर हिरण्यप्रसाद पौडेलका अनुसार उक्त मुर्ति नेपालकै सवैभन्दा अग्लो हो।



रामेछापको पर्यटकिय स्थान डकुर सिंडाडामा गणेशको मूर्ति स्थापनाका लागि संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले रामेछाप नगर पालिका मार्फत योजना कार्यान्वयनमा ल्याएको हो।

ईन्जिनियर कुशुम भट्टराईका अनुसार उक्त मुर्ति निर्माणका लागि करिव ३० लाख खर्च भएको छ। भारतिय कारिगढले गणेशको मूर्ति तयार गरी स्थापना गरेको पर्यटन क्षेत्रका अगुवा हिरण्यप्रसाद पौडेलले वताए। डुकुरसिंमा यस अघि पुरातत्व विभागले विभिन्न पर्यटन पूर्वाधारको काम गर्दै आएको छ।


## रामेछाप जिल्लास्तरीय राष्ट्रपति रनिङशील मन्थलीले सर्वाधिक पदकसहित शील हात पारयो

रामेछाप। रामेछाप जिल्लास्तरीय राष्ट्रपति रनिङशीलको लागि भएको प्रतिस्पर्धामा सवैभन्दा बढी पदक जितेर मन्थली नगरपालिकाले शील हात



परेको छ।

मन्थलीले ३३ स्वर्ण १८ रजत १९ कास्य सहति प्रथम भएको हो। त्यसैगरी रामेछाप नगारपालिकाले ६ स्वर्ण ११ रजत १८ कास्य जितेर दोस्रो भएको छ। खाडादेवी गाउपालिकाले तीन स्वर्ण छ रजत सात कास्य जितेर तेस्रोस्थान हाशिल गरेको छ। दोरम्बागाउपालिका, गोकुलगंगा गाउँपालिका, लिखु तामाकोशी गाउपालिका समान दुई/ दुई सवर्णमा जित हाशिल गरेका छन्। सुनापति गाउपालिकाले जिरो हुनवाट जोगिदै एक कास्य पदक जितेर इज्जत धानेको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# ग्लोबल आइएमई बैंकको डिजिटल होली योजना सार्वजनिक

ग्लोबल आइएमई बैंकले डिजिटल होली योजना सार्वजनिक गरेको छ। मोबाइल बैंकिङ एप्लिकेशन तथा क्युआर पेमेन्ट प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले




यो योजना सार्वजनिक गरेको बैंकले बताएको छ।

यो योजना अन्तर्गत ग्लोबल स्मार्ट प्लसबाट क्युआर कोडमार्फत भुक्तानी गर्दा १५ प्रतिशत क्यासब्याक पाइनेछ। यस योजनाअन्तर्गत २०७९ सालको होलीपर्व अर्थात् फाल्गुन २२ र २३ गते ग्लोबल स्मार्ट प्लसबाट क्युआर कोडमार्फत ग्राहकहरुले आफ्नो मनपर्ने रङको नाम लेखि भुक्तानी गर्दा एक पटकको खरिदको १५ प्रतिशत (१५० रूपैयाँसम्म) क्यासब्याक पाउनेछन्।

बैंकले आफ्नाग्राहकको सुविधालाई मध्यनजर गरी समय-समयमा यस्ता योजनाहरु ल्याएर आएको छ। बैंकले आफ्ना ग्राहकहरूलाई हर्षोल्लासका साथ होली मनाउन आग्रहसमेत गरेको छ।

# कृषि विकास बैंकले डाक्यो साधारणसभा, प्रमुख एजेण्डा लाभांश पारित

कृषि विकास बैंकले चैत १४ गते बार्षिक साधारणसभा डाकेको छ। बैंकले नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेसँगै साधारणसभा डाकेको हो। सभाले २ प्रतिशत वोनस सेयर वितरण गर्ने प्रस्तावलाई अनुमोदन गर्ने छ। बैंक




सञ्चालक समितिले आम सर्वसाधारणलाई ११ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ। यसबाहेक अविमोच्य असंचिति अग्राधिकारसेयरधनीलाई ६ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ। सभाले साधारण सेयरधनीका तर्फबाट तीन जना सञ्चालक चयन गर्ने छ। अन्य प्रस्तावहरु सामान्य र नियमित छन्।

# उद्यमी र स्टार्टअप लक्षित हिमालयन इन्क्युबेटर सुरु

हिमालयन बैंकको सब्सिडरी कम्पनी हिमालयन क्यापिटल लिमिटेडले ‘हिमालयन इन्क्युबेटर’ सुरु गरेको छ। प्रविधि स्टार्टअपको रुपमा ल्याइएको यसले उद्यमीलाई निःशुल्क वर्कस्पेस, तालिम र मार्गदर्शन उपलब्ध गराउने




कम्पनीले जनाएको छ। यसबाट स्टार्टअपहरुले संस्थाको परामर्श र अनुसन्धान विभागबाट निरन्तरको अन्तक्रिया र मार्गदर्शन पाउने जनाइएको छ।

स्टार्टअपहरु र उद्यमीहरुलाई कम्पनी सञ्चालनसम्बन्धी संरचनागत तालिमहरु, व्यवसायको मोडल, लगानी वृद्धिका उपाय यसले सुझाउनेछ। इन्क्युबेटर स्टार्टअपका माध्यमबाट उद्यमीलाई लगानीकर्ता, आपूर्तिकर्ता, ग्राहक र अन्यसँग नेटवर्क बनाउन र जोड्न प्लेटफर्म प्रदान गरिने कम्पनीले जनाएको छ। यसले कम्पनीहरुलाई प्रभावकारी नेटवर्क बनाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा एक्सपोजर पाउन सहज हुने कम्पनीको विश्वास छ। इन्क्युबेटर प्रोग्राम पूरा गर्ने स्टार्टअपहरुलाई हिमालयन क्यापिटल लिमिटेडले मान्यता दिनेछ भने आफ्नो व्यवसाय उपक्रममा लगानीका लागि समेत सहयोग गर्नेछ। इच्छुक स्टार्टअपहरु र उद्यमीले कम्पनीको वेबसाइटबाट फर्म भरेर सहभागी हुनसक्नेछन्।

# कुमारी बैंकका ग्राहकलाई ल्यान्डमार्क होटेलमा विशेष छुट

कुमारी बैंक लिमिटेडका ग्राहकले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टको सेवाहरुमा




विशेष छुट पाउने भएका छन्।

डिजिटल कारोबारमा ग्राहक आकर्षित भइरहेको कुरालाई मध्यनजर गर्दै कुमारी बैंकले आफ्ना ग्राहकलाई डिजिटल कारोबारमा प्रोत्साहन गर्नका लागि ल्यान्डमार्क होटेलसँगै यस्तो छुट सम्झौता गरेको हो।

यो सम्झौतासँगै कुमारी बैंकका ग्राहकले ल्यान्डमार्क होटेलका काठमाडौं, चितवन र पोखरा शाखाहरुमा आकर्षक छुट पाउने छन्। यस सम्झौताअनुसार कुमारी बैंकका डेबिट तथा क्रेडिट कार्ड ग्राहकलगायत मोबाइल बैंकिङ प्रयोगकर्ताले ल्यान्डमार्क होटेलबाट विभिन्न सेवाहरु जस्तै- लजिङ र फुडिङ शुल्कमा १०% सम्मको छुट प्राप्त गर्न सक्नेछन्।

आफ्ना देशव्यापी ३०४ शाखा सञ्जाल, २९४ एटीएम, ६२ शाखारहित बैंकिङ इकाइ तथा ४९ एक्सटेन्सन काउन्टरबाट आफ्ना ग्राहकलाई अत्याधुनिक बैंकिङ सुविधाहरु दिँदै आएको कुमारी बैंकले आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्दै जाने प्रतिबद्धता जनाएको छ।

# एससीटी र माछापुच्छ्रे बैंकबीच सम्झौता

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालनकको अनुमतिप्राप्त




स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (एससीटी) र ‘क’ वर्गको वाणिज्य बैंक माछापुच्छ्रे बैंकबीच बैंकद्वारा सञ्चालित रेमिट्याप वालेटमा स्मार्ट क्यूआर मार्फत भुक्तानी सेवा सञ्चालनका लागि सम्झौता सम्पन्न भएको छ। सम्झौतापत्रमा स्माटच्वाइस टेक्नोलोजिजका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायणप्रकाश भुजु र माछापुच्छ्रे बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सर्जुकुमार थापाले हस्ताक्षर गरेका छन्।

विगत २० वर्षदेखि कार्डलगायत भुक्तानीका बिभिन्न सेवा दिँदै आएको स्मार्टच्वाइस टेक्नोलोजिज र नेपाली वालेट प्रयोगकर्तामाझ लोकप्रिय रेमिट्याप वालेटबीच भएको यो सहकार्यले मुलुकको समग्र अर्थतन्त्रको विकासमा थप योगदान पुग्न जाने आशा लिइएको छ।

यस सम्झौतापछि रेमिट्याप प्रयोगकर्ताले रेमिट्यापमार्फत स्मार्ट क्यूआर मर्चेन्टहरुलाई भुक्तानी गर्न सक्नेछन्। ईएमभी स्ट्यान्डर्डमा जारी गरी फाइनान्सियल स्विचमार्फत कारोबारको भुक्तानी तथा फर्छ्यौट गर्ने भएकाले स्मार्ट क्यूआरमार्फत भुक्तानी लिन तथा दिन सहज, सुरक्षित र भरपर्दो रहन्छ।

# सिटिजन्स बैंक र सेन्ट्रल डायग्नोस्टिक




# ल्याबोरेटरीबीच समझदारी

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीबीच सम्झौता भएको छ। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकले सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउने छन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने छ।

# अर्थ संसार

## एनएमबी बैंकद्वारा ८ वटा सामुदायिक विद्यालयलाई डस्टबिन वितरण

काठमाडौं। एनएमबी बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत झापाके धुलाबारीमा १ सय वटा डस्टबिन वितरण गरेको छ। सामुदायिक विद्यालयको सरसफाइ तथा विद्यार्थीलाई फोहोर व्यवस्थापनमा बानी बसाल्ने उद्देश्यका साथ धुलाबारी क्षेत्रका ९ वटा विद्यालयमा डस्टबिन वितरण गरिएको हो। कार्यक्रममा बैंकका एरिया प्रमुख नरेन्द सुवेदी, सिनियर बिजनेस म्यानेजर प्रमोद शर्मा र धुलाबारी शाखा प्रबन्धक भरत शर्मा खरेलको उपस्थिति थियो। एनएमबी बैंक २६ वर्षदेखि अनवरत रुपमा बैंकिङ सेवा प्रदान गर्दै




आएको नेपाल राष्ट्र बैंकबाट ‘क’ वर्गको इजाजत पत्र प्राप्त अग्रणी वित्तीय संस्था हो। बैंक द फाइनान्सियल टाइम्स लन्डनको ‘द बैंकर’ पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधि ‘बैंक अफ दि इयर एसिया २०२१’ उपाधिबाट सम्मानित भएको छ। एनएमबी बैंकले २०१७, २०१८, २०२० र २०२१ लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधि ‘बैंक अफ दि इयर नेपाल’ प्राप्त गरिसकेको छ। एनएमबी बैंकले देशभरका २०१ शाखा, १३८ एटीएम र ११ एक्सटेन्सन काउन्टर मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आएको छ।

## कर्जा तिर्नैपर्छ, दबाब समूह बनाउँदैमा मिनाहा हुँदैनः डेपुटी गभर्नर मिश्र

काठमाडौं। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंक वित्तीय संस्थाबाट लिएको कर्जा नतिर्नेभन्दै दबाब समूह बनाउनु गलत भएको बताएका छन्। शुक्रबार काठमाडौंमा भएको एक कार्यक्रममा डेपुटी गभर्नर मिश्रले पछिल्लो समय बैंकको ब्याजदर, लघुवित्त संस्थाका कर्मचारी माथि कालोमोसो दल्ने समूह बनाउने कामले समाज विभाजित गर्ने बताएका छन्। व्यवसायीहरुले बैंक वित्तीय संस्थाबाट लिएको कर्जा दबाब समूह बनाइ कालोमोसो दल्ने दस्ता बनाउँदैमा नतिरे पनि हुन्छ भन्ने परिकल्पना नगर्न उनले आग्रह गरे। ‘बैंक तथा वित्तीय संस्थाहरुबाट जसले कर्जा प्राप्त गर्नुभएको छ। यसले कर्जा तिर्नुपर्दैन, अब कर्जा तिर्दिन। कर्जा नतिर्नुहोस् भनेर कसैले क्याम्पेन गर्नुहुँदैन। यो गर्न नहुने काम हो’ उनले भने, ‘अहिले दैनिक जीवनमा देखिएका कालोमोसो लगाउन दस्ता बनाउने कामले समाजमा विश्रृंखलता पैदा गर्छ। बैंक वित्तीय संस्थाबाट लिएको कर्जा तिर्दिन भनेर सुख नै छैन। त्यसको परिकल्पना नगर्न आग्रह छ। बैंक वित्तीय संस्था लगाएको कर्जा बैंक तथा वित्तीय संस्थाहरुको होइन। त्यो नेपाली दाजुभाई दिदिबहिनीहरुले बैंकमा राखेको पैसा हो।’ डेपुटी गभर्नर मिश्रले बैंक वित्तीय




संस्थाबाट कर्जा लिनेहरुले कर्जा दिन्नभन्दा बैंकका निक्षेपकर्ताहरुले पैसा पाउन समस्या हुने बताए। उनले बैंक वित्तीय संस्थाबाट ऋण लिएर तिर्दिन भन्नेहरुलाई कसैले कुनै पनि क्षेत्रबाट प्रोत्साहन दिन नहुने बताए। ‘बैंक वित्तीय संस्थाबाट ऋण लिएर तिर्दिन भनि कसैले कुनैपनि क्षेत्रबाट प्रोत्साहन दिन हुँदैन’ मिश्रले भने। बैंक तथा वित्तीय संस्थाहरुलाई व्यवसायीहरुले कर्जा दिन ढिला हुने, ब्याजदरका विषयमा राष्ट्र बैंकले वित्तीय संस्थाहरुसँग छलफल गरी रहेको मिश्रले जानकारी दिए। राष्ट्रिय,अन्तर्राष्ट्रिय र सप्लाई चेनमा परिर्वतन भएको कारण र पेट्रोलिय पदार्थको मूल्यमा भएको वृद्धि, अन्तर ाष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, अन्तर्राष्ट्रिय डलरमा भएको वृद्धि र विश्वका केन्द्रीय बैंकहरुले ब्याज बढाएको कारण धेरै देशको आर्थिक अवस्थामा सकस पर्न गएको मिश्रले बताए।

## नेपाल प्रहरी र एभरेष्ट बैंकबीच सम्झौता

नेपाल प्रहरी र एभरेष्ट बैंक लिमिटेडबीच ‘नेपाल प्रहरी एभरेष्ट बैंक छात्रवृत्ति अक्षय कोष’ स्थापना गर्ने सहमति भएको छ। नेपाल प्रहरी र एभरेष्ट बैंकबीच कोष स्थापना गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको हो। सो कार्यक्रममा एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले अक्षय कोष स्थापनाका लागि २५ लाख रुपैयाँको चेक प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलाई हस्तान्तरण गरेका छन्। प्रहरी महानिरीक्षक सिंहले सम्झौताका लागि एभरेष्ट बैंकलाई धन्यवाद दिँदै यसबाट बढी भन्दा बढी प्रहरी कर्मचारीका सन्ततीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे। एभरेष्ट बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल प्रहरीलाई विभिन्न सहयोग गर्दै आएको कारण प्रहरीको कार्य सञ्चालनमा सहजता ल्याउन थप टेवा पुगेको उनले बताए। एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बैंकको सामाजिक उत्तरदायित्व अन्तर्गत देशका विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको चर्चा गर्दै अहोरात्र नागरिकको जिउधनको सुरक्षामा खटिने नेपाल प्रहरीलाई योगदान गर्न पाउँदा थप सन्तुष्टि प्राप्त भएको बताए। सम्झौताबाट बढी भन्दा बढी विद्यार्थीहरू लाभान्वित हुने अपेक्षा गर्दै उत्पादित जनशक्तिबाट भविष्यमा देश निर्माणका लागि थप सहयोग हुने उनले उल्लेख गरे।

# बागलुङका सहकारीकर्मीहरुले जारी गरे १५ बुदे घोषणापत्र

बागलुङ । बागलुङका सहकारी कर्मीहकरुले सहकारीमा व्यक्तिगत बचतको सिमा २५ लाख रुपैया राख्ने प्रस्ताव खारेजी लगायत १५ बुदे घोषणापत्र जारी गरेका छन्

बहुउद्देश्यीय सहकारी संघ लिमिटेड बागलुङको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा शनिवार सम्पन्न सबल सहकारी निर्माणमा सञ्चालकको भूमिका विषयक सहकारी गोष्ठी सहभागीहरुले १५ बुदे घोषणापत्र जारी गरेका हुन् ।



सहभागीहरुको तर्फबाट १५ बुदे घोषणा पत्र सार्वजनिक गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीमा आन्तरिक कारणले आएका समस्या आफै समाधान गर्न तथा अन्य क्षेत्रका कारण आएका समस्या समाधानका लागि सरोकारवालाहरुसंग सहकार्य गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिएका थिए ।

घोषणापत्रमा सहकारी संस्थाको दिगो विकासका लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उप-समितिहरुले आफ्नो भूमिका सकृयताका साथ निर्वाह गर्ने, हालको परिस्थितिमा तरलता व्यवस्थापन अत्यन्त महत्वपूर्ण रहेको हुनाले आफना सहकारी संस्थामा कम्तीमा १५ प्रतिशत तरलता कायम राख्ने तथातरलता संकट व्यवस्थापनका लागि कोषको व्यवस्था गर्न राज्यसंग माग गरिएको छ ।

सहकारी अभियानको छवि (साख) उच्च बनाउन, सहकारी क्षेत्रप्रति विश्वासको वातावरण बनाउन सरकार र अभियानका तर्फबाट तत्काल पहल गर्न माग गर्ने, केही नेपाल ऐनलाई संशोधन गर्न प्रस्तावित विधेयक २०७९ मा प्रस्तावित व्यक्तिगत बचतको सिमा २५ लाख राख्ने प्रावधान खारेज गर्न माग गरेका छन् ।

यस्तै अनुगमन प्रभावकारीताका लागि नियामक निकायहरु सगँ सहकार्य गर्दै सहकारी क्षेत्रको अनुगमन नियमनका लागि दोस्रो तहको नियामक निकाय Second Tire Institution STI) गठन गर्न माग गर्ने, सहकारी संघ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुका साथै प्रभावकारी अनुगमन निमयनका लागि सरोकारवाला निकायसंग समन्वय गर्ने, सहकारी संस्थामा सुशासन कायम राख्न ऐन कानुनको पुर्ण परिपालना गर्ने, सन्दर्भ ब्याजदर तत्काल खारेज गरी ब्याजदर स्वतन्त्र रुपमा बजारलाई निर्धारण गर्न दिइनु पर्ने माग सहकारीकर्मीहरुले गरेका छन् ।

घोषणापत्रमा कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण तत्काल स्थापना गर्नु पर्ने, ऋण नतिर्न उर्दी जारी गर्ने समुह तथा व्यक्तिलाई सामाजिक बहिष्कार गर्ने, सुरक्षित कार्यालय व्यवस्थापन, सुरक्षित ऋण लगानी, सदस्य, समुदाय र सरकारसँग सुमधुर र समन्वयकारी सम्बन्ध कायम राख्ने, सहकारीका नकरात्मक विषयले प्राथमिकता पाइरहेको वर्तमान समयमा सहकारीमार्फत भएका सकारात्मक लेख रचना प्रकाशन गर्ने, सहकारी संस्थाका सञ्चालक र कर्मचारीसंग रहेको ऋण तत्काल असुल गर्ने र संकटको अवस्थामा सहकारीहरुबीच समन्वय र सहकार्य गर्दै समस्या समाधानका लागि ऐक्यवद्धता जाहेर गर्ने उल्लेख छ ।

सहकारीकर्मीहरुले १५ बुदे घोषणा पत्र पारित गर्दै कार्यान्वयनका लागि सबैलाई आग्रह गरेको जिल्ला बहुउद्देश्यीय सहकारी संघ बागलुङका अध्यक्ष दुर्गा बहादुर कुँवरले जानकारी दिएका हुन् । जिल्लामा क्रियाशिल ८५ वटा सहकारी संघ संस्थाका प्रमुख अतिथि प्रतिनिधिहरु सहित सहकारी अभियानका अगुवाहरुको सहभागितामा सम्पन्न गोष्ठीको उद्घाटन गण्डकी प्रदेशसभाका उपसभामुख बिना कुमारी थापाले गरेकी थिइन ।

## भकिम्लि कृषि सहकारीका सञ्चालकलाई तालिम

म्याग्दी । म्याग्दीको बेनीनगर पालिका वडा नं ३ मा सञ्चालित भकिम्ली ग्रामिण कृषि सहकारी संस्था लिमिटेडका सञ्चालक र शेयर सदस्यहरुका लागि ३ दिने सहकारी बिहीवार सम्पन्न भएको छ । संस्थाका सञ्चालक समिति, शेयर सदस्य तथा कर्मचारीहरुलाई सहकारीका ऐन नियम, व्यवस्थापन लगायत वित्तीय साक्षरता र उद्देश्य अनुसार कारोबार सञ्चालनका विषयमा सचेतना प्रदान गर्नका लागि तालिम आयोजना गरिएको संस्थाले जनाएको छ ।




सहकारीका सदस्य, सञ्चालक र कर्मचारीहरुलाई सक्रिय, सचेत र प्रभावकारी रुपमा संस्थाको गतिविधिमा अगाडि बढाउनका लागि सञ्चालित तालिमबाट सबै उत्साहित भएको अध्यक्ष लालबहादुर पुनले जानकारी दिएका हुन् । तालिममा सहजीकरण गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीहरुले सदस्यहरुको चाहना र आवश्यकता लाई ध्यान दिएर योजना, कार्यक्रम र अभियान सञ्चालन गर्नु पर्नेमा जोड दिएका थिए ।

सदस्यहरुको माग एउटा छ, सदस्यहरुको चाहना एउटा छ, सहकारीले अर्कैतिर काम गरेका कारण सहकारी प्रति सदस्य लगायत आम समुदायको चासो कम देखिएको छ, जिसीले धारणा राख्ने त्रममा - ‘सहकारीहरुले योजना निर्माण गर्दा वा कार्यक्रमहरु बनाउदा सदस्यहरुलाई बढी भन्दा बढी सहभागी गराउने, उनीहरुको सल्लाह सुझावहरु लिएर बनाउन सकेमा लक्ष्य अनुसार काम गर्न सकिन्छ ।’

सहकारीको प्रवर्द्धन गर्ने, विकास गर्ने र संरक्षण गर्ने काम सदस्यहरुको भएकाले सदस्यहरुलाई नियमित शिक्षा र प्रभावकारी सम्वाद आवश्यक रहेको जिसीले भनाई राखेका थिए । संस्थाका अध्यक्ष लालबहादुर पुनको अध्यक्षतामा भएको समापन कार्यक्रममा बेनी नगरपालिका वडा नं. ३ का वडा सदस्य रत्न बहादुर जिसी, संस्थाका उपाध्यक्ष पूर्ण बहादुर घर्ति मगर, सचिव पूर्ण कुमारी घर्ति मगर लगायतले तालिमले सहकारीको थप व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा लिएको बताएका थिए । कार्यक्रमको सञ्चालन संस्थाका प्रवन्धक खिमबहादुर पुनले गर्नु गरेका थिए । उनले बिच बिचमा उत्साहित हुने खालका शब्दहरुले उपस्थितलाई हौशाएका थिए ।

# खेलकुद

## नेपालको खराब ब्याटिङ; ६८ रन बनाउँदा ५ खेलाडी आउट

काठमाण्डौ - आईसीसी विश्व कप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय एकदिवसीय शृङ्खलामा नेपालले खराब ब्याटिङ गरेको छ । शृङ्खलाअन्तर्गत यूएईसँगको खेलमा नेपालले १७ ओभर १ बलमा ६८ रन बनाउँदा ५ विकेट गुमाएको छ । दुबई इन्टरनेशनल क्रिकेट स्टेडियममा टस जितेर ब्याटिङ



गरेको नेपालले १४ रन बनाउँदा पहिलो विकेटको रूपमा आसिफ शेख ६ रन बनाएर आउट भए । त्यस्तै ३४ रनमा दोस्रो विकेटका रूपमा ज्ञानेन्द्र मल्ल ११ रन बनाएर आउट भए । ४९ रनमा तेस्रो विकेटका रूपमा कप्तान रोहित पौडेल १ रनमा आउट भए । ५९ रनमा चौथो विकेटको रूपमा कुशल मल्ल ३२ रन बनाएर आउट भए । त्यस्तै ६८ रनमा पाँचौं विकेटका रूपमा दीपेन्द्रसिंह ऐरी ४ रन बनाएर आउट भए । अहिले क्रिजमा भीम सार्की र सन्दीप लामिछाने रहेका छन् । यो शृङ्खलामा नेपाल यूएईसँग पहिलो खेलमा पनि पराजित भएको थियो ।

## बुढासुब्बा गोल्डकपको उपाधि एभिनियरले जित्यो

धरान । धरानमा जारी २३औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि क्यामरुनी फुटवल टिम एभिनियर जितेको छ । धरान १६ स्थित रङ्गशालामा आज सम्पन्न फाइनलमा काँकडभिट्टा फुटवल ट्रेनिङ सेन्टर झापालाई १, ० गोल अन्तरले पराजित गर्दै एभिनियरले उपाधि जितेको हो । एभिनियरको जितमा सब्बा अलीले खेलको ६५औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । विजेता टिमले नगद रु १० लाख र उपविजेता काँकडभिट्टाले पाँच लाख पुरस्कार पाएका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै केएफटिसीका मिलन राईले एक लाख पुरस्कार प्राप्त गरे । प्रतियोगिताको सबैभन्दा धेरै गोल गर्ने केएफटिसीका निशान लिम्बूले नगद रु २५ हजार पुरस्कार प्राप्त गर्नुभयो । उनले प्रतियोगिताभर तीन गोल गरेका थिए । त्यस्तै प्रतियोगिताको बेष्ट कोच एभिनियरका आशिक थापा मगर, बेष्ट स्ट्राइकर केएफटिसीका यमि, बेष्ट मिड फिल्डर एभिनियरका जोय एल्डो, बेष्ट डिफेन्डर एभिनियरका साग् र बेष्ट गोल किपर एन्फा मोरङका प्रनिजय गच्छदार घोषित भए । उनीहरुले जनही नगद रु २५ हजार प्राप्त गरे । फाइनल खेलको म्यान अफ म्याच केएफटिसीका रिचार्ड विल्सन घोषित हुँदै नगद रु १० हजार पुरस्कार हात पारे । राइजिङ प्लेयरमा धरान फुटवल क्लबका विनोद राई घोषित भए । विजेता तथा उपविजेता खेलीलाई प्रमुख अतिथि एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङ र धरान फुटबल क्लबका अध्यक्ष किशोर राईले पुरस्कार र मेटल प्रदान गर्नुभयो ।

## जावलाखेलले मच्छिन्द्रलाई ३-१ गोलले हरायो

काठमाण्डौ - शहीद स्मारक ए डिभिजन लिग फुटवलमा साविक विजेता मच्छिन्द्र क्लब जावलाखेल युथ क्लबसँग पराजित भएको छ । त्रिपुरेश्वरको दशरथ रङ्गशालमा आइतवार भएको खेलमा जावलाखेलले मच्छिन्द्रलाई ३-१ गोलले हरायो । जावलाखेलका लागि हिवुस थपलिया, सिमान्त थापा र मोसाबीले गोल गरे । मच्छिन्द्रका देवेन्द्र तामाङले एक गोल फर्काए । यसअघि सातदोबाटोले एनआरटीलाई २-१ गोलले हराउँदा अर्को खेलमा त्रिभुवन आर्मी क्लब र सङ्काटले गोलरहित बराबरी खेलका थिए । ‘ए’ डिभिजन लिगको विजेताले उपाधिसहित ७५ लाख, दोस्रो हुने टोलीले ५० लाख र तेस्रो हुने टोलीले २५ लाख रुपैयाँ पाउनेछन् । लिगमा सहभागी १४ क्लबबिच हुने १ सय ८२ खेलपछि अङ्क तालिकाको पुछारमा रहेका दुई टोली ‘बी’ डिभिजनमा घट्वा हुनेछन् ।

## ठाकुरबाबाले जित्यो राष्ट्रपति रनिङ शिल्डको उपाधि

बर्दिया । जिल्ला खेलकुद विकास समिति बर्दियाको आयोजनामा भएको १४ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि ठाकुरबाबा नगर पालिकाले जितेको छ । गएको शुक्रवारदेखि बर्दियाको सदरमुकाम गुलरियामा सुरु भएको प्रतियोगितामा सबैभन्दा बढी १९ स्वर्ण, ७ रजत र ५ कास्य पदकसहित ठाकुरबाबा नगरपालिकाले उपाधि जितेको हो । त्यसैगरी दोस्रो भएको बाँसगढी नगरपालिकाले ११ स्वर्ण, ८ रजत र ९ कास्य पदक प्राप्त गरेको छ । तेस्रोमा गुलरिया नगरपालिकाले ७ स्वर्ण, ८ रजत र १३ कास्य पदक हात पारेको छ भने चौथोमा राजापुर नगरपालिकाले ५ स्वर्ण, ८ रजत र १० कास्य पदक जितेको छ । यस्तै प्रतियोगितामा मधुवन नगरपालिकाले ४ स्वर्ण, ५ रजत र ४ कास्य पदक जितेको छ । बारबर्दिया नगरपालिकाले २ स्वर्ण, ८ रजत र ४ कास्य पदक जितेको छ । गेरुवा गाउँपालिकाले २ स्वर्ण, ६ रजत र २ कास्य पदक जितेको छ भने बढैयाताल गाउँपालिका स्वर्णविहीन बन्दा १ रजत र ५ कास्य पदक जितेको छ । बर्दियाका ८ वटा पालिकाबाट ५ सय ६० जना खेलाडीले प्रतिस्पर्धा गरेका जिल्ला खेलकुद विकास समिति बर्दियाका अध्यक्ष रबिन्द्र यादवले जानकारी दिनुभयो । प्रतियोगितामा उत्कृष्ट भएका ९० जना खेलाडीलाई लुम्बिनी प्रदेशस्तरीय र निङ शिल्ड प्रतियोगितामा पठाउन छनोट गरिएको जिल्ला खेलकुद विकास समिति बर्दियाका प्रमुख भुपेन्द्र पुनले बताउनुभयो । १४ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको समापनमा विजयी खेलाडीहरुलाई जिल्ला समन्वय समिति बर्दियाका प्रमुख सुर्यबहादुर विष्टले पदक प्रदान गर्नुभएको थियो । प्रतियोगितामा भलिबल, कबड्डी, एथ्लेटिक्स, कराते, उसु र तेक्वान्दो खेल समावेश गरिएका थिए ।

## राजतन्त्र......

नदिने जस्ता समस्या देशभरी सर्वत्र फैलिन पुगेको थियो ।

२०७५ कर्मचारी ऐन लागु भएपछि सिनारिटीलाई प्रथामिकता दिइने,घरपायक, पारिवारिक एक ठाउमा बस्न पाउने अधिकार,महिला, अपाङग जस्ता आधारहरु ऐनमा व्यवस्था भएपनि सामान्य प्रशासन मन्त्रालयमा त्यस्ता कार्यहरु नभएर जसले कर्मचारी युनियन मार्फत अवैध पैशा बुझाउन सक्नुपर्थ्यो कि सरकारी जागिर खाएर राजनीतिक पार्टीको काम गरिरहेको कार्यकर्ता भएको कर्मचारी हुनुपर्थ्यो त्यस्ताले मात्र त्यो सुविधा पाए । अपाङ, सुत्केरी महिला कर्मचारी जसको कुनै राजनीतिक पार्टीमा आवद्ध थिएनन् । घुस ख्वाउने नजायज काम गरेनन् । उनिहरुको सरुवा भएन । त्यो पीडा भोक्ने कर्माचारीहरुले त्यातिवेला दुई ठुला कम्युनिष्ट पार्टीको एकतावाट बनेको नेकपा, नेकपा झण्डै दुई तिहाईको गणतान्त्रिक सरकार थियो । त्यो गणतान्त्रिक सरकार प्रति कति वितृष्णा ति कर्मचारीहरुलाई भयो होला !

यस्ता बिकृतिहरुले कर्मचारी क्षेत्रमा समेत असर पारेपछि घुस दिएर सरुवा आउने कर्मचारीले त्यस कार्यलयमा गर्ने काम कस्तो हुन्छ ?

गणतन्त्र पछि बन्द भएका राष्ट्रिय उद्योगहरु

विराटनगर जुट मिल

नेपालको पहिलो

उद्योग विराटनगर जुटमिल गणतन्त्र स्थापना भएपछि बन्दा भएको छ । त्याहाको कर्मचारीलाई तलव ख्वाउने नाममा त्यस भवनको ईटासमेत वेचेर हजारौ मजदुरलाई वेरोजगार बनाउने ईतिहास यहि परिवर्तन नामको गणतान्त्रिक व्यवस्थाको कार्यकालमा भएको छ ।

देशमा अवसर नपाएर हजारौ युवाहरु विदेश गईरहेका छन् । कुनै एउटा राष्ट्रियस्तरको उद्योग देशमा स्थापना भएको छैन । नेपालको गोरखाली टायर उद्योग गणतन्त्र व्यवस्थामा नै बन्द गर्ने निर्णय भएको छ ।

राजनीतिक खिचातानी

गणतन्त्र स्थापना पछि पनि नेपालमा राजनीतिक स्थाइत्व हुन सकेन । हेर्दा पद नमिले जस्तो देखिए पनि नेपाललाई कमजोर बनाउन विदेशी शक्तिले भनेको नमान्ने र उनिहरुको योजना पुरा नहुने देखिने वित्तिक्कै सरकार परिवर्तन हुने घटना गणतन्त्र व्यवस्था लागु भएपछि पनि रोकिएको छैन । उल्टै कुटनीतिक नियोगहरुले नेपाल सरकारलाई अन्तराष्ट्रिय पोटोकल मिचेर राष्ट्रका कार्यकारी हैशियतका व्याक्तिहरुलाई भेट्दै आएका छन् । त्यस्ता कार्यले नेपालको प्रतिष्ठा गिराउन लागेको देखिदै आएको छ ।

त्यो प्रतिस्पर्धामा शक्तिशाली राष्ट्रका राजदुतहरुले गरेका गतिविधिले नेपालको सर्वभौमसत्ताको नै खिल्ली उडाएका छन् ।

विकास निर्माणका काम कछुवा गतिमा

नेपालले तोकेको समयमा कुनैपनि काम सम्पन्न गरेको छैन अपवादमा वाहेक त्यस्तै जलविधुतको क्षेत्रमा होस् वा सडक, हस्पिटल, एयरपोर्ट,सुरुङ मार्ग, सिचाई सवै क्षेत्रमा समयमा काम भएका छैनन् । समयमा सरकारले भुक्तानी नदिएका कारण काम सम्पन्न हुन नसकेको निर्माण ठेक्का लिएका कम्पनीहरुले बताईरहेका छन् । समयमा भुक्तानी नदिने र समयमा काम नसकेपछि लागत बढाउने लागत बढाउन र समय थप्न कमिशनको खेल हुने जस्ता कामले नेपालको भौतिक विकासको गतिमा असर पारिरहेको छ । काठमाडौको मुटुमा नै निर्माण भईरहेको र विवादका कारण रोकिदै बनाउदै गरेको पुरानो बसपार्कमा बनिरहेको स्मार्ट भवनले पनि गणतन्त्रलाई गिज्याईरहेको छ ।

किशानलाई गणतन्त्रले मर्माहत

तराइका किशानले सडकमा तरकारी फालेका छन् । पाहाडका किशानले दुध सडकमा पोखेका छन् । प्रेम आर्चायले आत्मदाह गरेका छन् । यी माथिका प्रश्नहरुले समस्याहरुले गणतन्त्रको विकल्प राजतन्त्र की गणतन्त्रको सुधार भनि बहस शुरु भएको छ ।

पक्ष र विपक्ष बनेर देशको निकास निस्कदैन । देशको निकास व्यवहारिक जनताको जिवनसँग जोडिएका समस्यासँग सावधान दिनसक्ने नेतृत्व चाहिएको छ । व्यवस्था फेरेर मात्र केही नहुदो रहेछ भन्ने पाठ नेपाली जनताले यो ७३ बर्षमा ७ पटक भन्दा बढी त संविधान नै फेरि सके तर जनताको अवस्था कहिल्यै फेरिएन दुख घटेन। अभाव घटेन । पीडा घटेन त्यसैले आनान्दको शास फेर्ने चौतारी बन्न सक्ने स्स्कारको तरिका नेपाली जनताले चाहेका छन् । त्यो पत्यारिलो आधार पेश गर्नसक्ने क्षमता भएको युवा नेतृत्वहरुले आट गर्नुपर्छ । तिनै युवाहरुको विचवाट प्रतिस्पर्धामा आधारित योग्य, दक्ष सक्षम उत्कृष्ट हुनेले मात्र यो काम गर्न सक्छ ।

## काठमाडौं.....

महासंघका महासचिव राजकुमार बुढाथोकी, उपमहासचिव भक्त व.बस्नेत, सदस्य चन्द्रकुमार वाईवा लगायत २५० जना निर्माण व्यवसायीहरुको उपस्थिति रहेको थियो । सपथ पछि कार्यक्रमलाई सम्वोधन गर्दै अध्यक्ष गौतमले भने म धेरै भाषण गर्दिन काम गरेर देखाउछु । मेरो कामवाट सन्तुष्ट भई तपाईहरुले प्रशंसा गरेको दिनमा खुशीले अकमाल गर्नेछु । अध्यक्ष गौतमले निर्वाचनमा भाग लिएर सभ्य ढंगवाट निर्वाचन सम्पन्न गराई काठमाडौ उपत्यका निर्माण व्यवसायी संघलाई सहयोग गर्नु हुने काठमाडौं उपत्यका निर्माण व्यसायी संघका निवर्तमान कार्य समिति लगायत सवैलाई त्यस अवसरमा धन्यवाद समेत दिएका थिए । कार्यक्रममा प्रमुख अतिथी नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले काठमाडौ उपत्यका निर्माण व्यवसायी संघ संघ साथमा रहि आफुहरु पनि हिड्ने र के सहयोग गर्नुपर्छ त्यो सहयोग गर्न प्रतिवद्ध समेत व्यक्त गरेका थिए । नवनिर्वाचित अध्यक्ष तथा पदाधिकारी सदस्यहरुलाई शुभकामना दिदै काठमाडौं उपत्यका निर्माण व्यवसायी संघमा निवर्तमान महासचिव एवम् अध्यक्ष पदका प्रत्याक्षि शान्तकुमार श्रेष्ठले चुनाव कसैले हारेका हुँदैन, चुनाव भनेको प्रजातान्त्रिक अभ्यास हो, आज कृष्ण प्रसाद गौतम अध्यक्ष हुनु भएको छ म वहाँ लगायत यस कार्यसमितिमा निर्वाचत सवैलाई शुभकामना दिन्छु । यो कार्य समितिमा म नरहेको जस्तो आभास तपाईहरुलाई दिने छैन ।

निर्माण व्यवसायी साथीहरुको समस्या समाधानका लागि अग्रसर रहिरहने छु । निर्माण कार्य सम्पन्न गरेता पनि भुक्तानी पाएका छैनौ, । निर्माण कार्यको सम्झौता गर्दा भएको दर रेट भन्दा आज कयौ गुणा निर्माणका सामग्रीहरुको अत्याधिक मूल्य बृद्धि भएको छ । यसले गर्दा हामीलाइ काम गर्न साह्रै कठिनाइ भएको हुँदा यस बिषयमा छलफल गरि अगाडी बढ्न तपाई हामी एकजुट हुनुपर्ने श्रेष्ठले बताएका थिए ।

सपथ कार्यक्रमको लगतै निवर्तमान कार्य समितिले नवनिर्वाचित कृष्ण प्रसाद गौतमको अध्यक्षतामा गठित काठमाडौं उपत्यका निर्माण व्यवसायी संघको बरिष्ठ उपाध्यक्षमा कविन्द्र महर्जन, प्रथम उपाध्यक्षमा बासु खड्का,द्वीतीय उपाध्यक्षमा तिलकबहादुर लामा र महासचिबमा पन्च बहादुर तामाङ ( बिजय ) रहेकाछन् । त्यसै गरी संघको नीति गतउप-महासचिबमा कृष्ण के .सि. (कृस), आन्तरिक उप-महासचिबमा राजन गौतम, कोषाध्यक्षमा मनोज श्रेष्ठ, र सह कोषाध्यक्षमा संजिब शाक्य, रहेकाछन् । भने महिला सदस्यमा कविता भट्टराई निर्वाचित भएकी छन् । भने अन्य ९ जना सदस्यहरुमा भक्तबहादुर तामाङ, राजु प्रसाद चौलागाई,हरिराम,तामाङ (थोकर),सुनिल लामा,तुलसी प्रसाद गौतम,बिदुर शिवाकोटी, सुबास श्रेष्ठ,राहुलजङ्ग कार्की र म्हेन्दो लामा रहेकाछन् ।

## उत्कृष्ठ.....

२०७८/७९ मा कूल पुंजीगत विनियोजित रकम, आव २०७८/७९ मा कूल पुँजीगत खर्च रकम, आव २०७७/७८ मा कायम भएको बेरुजु रकम, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरे नगरेको, स्थानीय तहले आवधिक योजना तर्जुमा गरे नगरेकोलाई सूचकमा समावेश गर्दै अङ्कभार दिएको छ ।

शैक्षिक सत्र २०७९ मा कक्षा १ देखि ८ सम्मको औषध खुद विद्यार्थी भर्नादर, शैक्षिक सत्र २०७८ मा कक्षा ८ मा रहेका विद्यार्थी सङ्ख्या, शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा रहेका विद्यार्थी सङ्ख्या, शैक्षिक सत्र २०७८ मा सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कूल विद्यार्थी सङ्ख्या, आव २०७८/७९ मा चार पटक गर्भ जाँच गर्ने महिलाको सङ्ख्या, आव २०७८/७९ मा २४ महिनासम्मका बालबालिकाको अनुमानित सङ्ख्या, पूर्ण खोप पाएका बालबालिकाको सङ्ख्यालाई सूचक बनाइएको छ ।

## डा..

कथाकारितामाथि शोधकर्ता र विद्यार्थीका निम्ति निकै उपयोगी अध्ययनको मार्ग खोलिदिएका छन्।

डा नामदुङले आफ्नो साहित्यिक सर्वेक्षणका क्रममा उल्लेखमा आधुनिक नेपाली कविता, दार्जिलिङको बालकथा साहित्य, दार्जिलिङको हास्य-व्यग्य लेखन, समकालीन नेपाली उपन्यासमा राजनैतिक चेतना, भारतीय नेपाली समालोचना परम्परा र प्रवृत्ति जस्ता लेखहरू समावेश गरेका छन् । यसैगरी उनले पत्रिका सर्वेक्षण गर्ने क्रममा नेपाली साहित्य सम्मेलनको मुखपत्र दियालो र भाक्सूवाणीको विस्तृत अययन गरेका छन्। यी दुई पत्रिकाले दिएको योगदानको उल्लेख गरेका छन् ।

क. पत्रिका सर्वेक्षण - प्रस्तुत ग्रन्थमा दुईवटा पत्रिकाको प्रायः सबै अङ्कहरूको सर्वेक्षण गरिएको छ। यसमा भाक्सुवाणी पत्रिकाको जम्मै उन्तीसवटा अङ्कहरूका सबै लेख-रचना देखाइदिएर चाहिनेचाहिने सामाग्रीको चयन, अध्ययन र व्याख्या गरिएको छ । यसबाट भावी शोधार्थीलाई अध्ययन गर्न निकै सहयोग हुन्छ। यसमा मुखय र उल्लेखनीय सम्पादकीय टिप्पणी, लेखहरूको समीक्षासमेत गरिएको छ। यसैगरी नेपाली साहित्य सम्मेलनको मुखपत्र दियालोको शुरूदेखि लगभग चालिसवा अङ्कसम्मको सर्वेक्षण, अध्ययन र मूल्याङ्कन गरिएको छ। उनले दियालो प्रकाशनको विशेषताहरू केलाउँदा यसको नियमितता, स्तरीयता, रचनागत विविधता, रचनाचयनप्रति उदारता, विशिष्ट साहित्यिक प्रतिभा र विविध प्रसङ्गलाई लिएर विशेषाङ्क प्रकाशन, दियालो पुरसकार वितरण जस्ता पक्षहरूको उल्लेख गरेका छन्।

ख. कृति परिचय - यसैगरी कृतिपरक अध्ययनका क्रममा नवसापकोटा, पवन चामलिङ, तुलसीराम कश्यपको कल्पना निबन्ध सङ्गहको मूल्याङ्कन गरेका छन् । यसमध्ये नवसापकोटाको सिर्ज एउटा कागजको इतिहास तिम्रा ती पुर्खाको भन्ने कवितामा जातीय भावनाका विविध प्रसङ्ग केलाइ तिनमाथि समीक्षा गरिएको छ। यस व्याख्यामा उनले भारतमा गोरखालीको पुर्खाको इतिहासमाथि केन्द्रीत भावधारा र शिल्पपक्षबारे मूल्याङ्कनात्मक अध्ययन प्रस्तुत गरेका छन्। उनले पवन चामलिङको कवितासङ्गह अन्तहीन सपना मेरा विपनाका विविध भावलाई केलाएर तिनको प्रवृत्तिपरक अध्ययन गरेका छन्। यसैगरी तुलसीराम कश्यपको कल्पना निबन्धसङ्गहको पनि अध्ययन गरेका छन्। यस कृतिका आधारमा तुलसीराम कश्यपको निबन्धकारितामाथि बहस गरी तिनको मूल्यनिर्धारण गरेका छन्। यसमा रहेका पन्ध्रैवटा निबन्धहरूको सारवस्तु, विचार र विशेषता संक्षिप्त रूपमा केलाएका छन् ।

ग. कृतिकार परिचय- डा नामदुङका कलमबाट यस पुस्तकमा शिवकुमार राई, जगत छेत्री, जी छिरिङ, डी तामाङ अग्नि, राधिका राया, अगमसिंह गिरी, ठाकुर चन्दनसिंह जस्ता सर्जकहरूको साहित्यिक योगदानको मूल्याङ्कन गरेका छन्। शिवकुमार राईको कथाकारितामाथि उनले निकै अध्ययन प्रस्तुत गरेका छन्, जो माथि नै उल्लेख गरियो । राधिका राया र डी तामाङ अग्निलाई नि नेपाली साहित्यिक समाजमा चिनाउने काम गरेका छन्। जी छिरिङको साहित्यिक योगदानको कुरा उल्लेख भएका उनका उन्नाइवटा कथाको संक्षिप्तमा भए पनि व्याख्या गरेका छन् । भारती पत्रिकामा जी छिरिङका कथा नै सबैभन्दा बढी प्रकाशित भएको देखिन्छ भन्ने उनको निर्क्योल छ । यद्यपि बैंशालु पत्रिकाले जी छिरिङ विशेषाङ्कबाहेक उनको कतै कदर भएन, पुरस्कृत भएनन् भन्ने गुनासो पनि डा नामदुङले गरेका छन्। यसैगरी भाक्सूका मगन पथिकले ठाकुर चन्दनसिंहमाथि प्रकाश पारेर तयार पारेको सन् १९८७ मा प्रकाशित पुस्तकमाथि डा. नामदुङले समीक्षा गरेका छन् ।


# मध्यनेपाल नगरपालिका

**भोर्लेटार ,लमजुङ्ग ,गण्डकी प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**रमेश कुमार पाण्डे**
प्रमुख

**सिता गुरुङ**
उपप्रमुख

**रामचन्द्र लामगादे**
प्रमुख प्रशासकीय अधिकृत


# अन्तराष्ट्रिय समाचार

## बङ्लादेशमा रोहिङ्ग्या शिविरमा भीषण आगलागी

बङ्लादेशमा रहेको रोहिङ्ग्या शरणार्थी शिविरमा भीषण आगलागी हुँदा १२ हजारभन्दा मानिस घरबारविहीन बनेका छन् । आगलागीमा मानिसहरुले भागेर ज्यान बचाउन सफल भए पनि घर र घरभित्र रहेका सामग्री जलेर नष्ट भएका बीबीसीले जनाएको छ । बङ्लादेशका शरणार्थी आयुक्त मिजानुर रहमानले शरणार्थीका लागि बनाइएका झण्डै दुई हजार घर जल्दा १२ हजारभन्दा धेरै मानिस घरबारविहीन बनेका बताउनुभएको छ । आगलागीमा ३५ वटा मस्जिद र २१ वटा लर्निङ सेन्टर पनि जलेर खरानी भएका उहाँले बताउनुभयो । हिजो दिउँसो चार बजेतिर सुरु भएको आगो झण्डै तीन घण्टापछि निभाइएको बङ्लादेशको प्रहरीले जनाएको छ । आगलागीको कारण खुलेको छैन । अहिले शिविरमा पानी लगायतका आधारभूत वस्तुहरुको आपूर्ति समेत जोखिममा रहेको छ । बङ्लादेशका रोहिङ्ग्या शिविरमा बारम्बार आगलागीका घटना हुने गरेका छन् । यसअघि सन् २०२१ र सन् २०२२ मा गरी आगलागीका दुई सय २२ वटा घटना भएका थिए । सन् २०२१ को मार्चमा एउटा बस्तीमा आगलागी हुँदा १५ जनाको ज्यान जानुको साथै झण्डै ५० हजार जना विस्थापित भएका थिए । शिविरमा म्यानमारमा भएको रोहिङ्ग्या जातीय अल्पसङ्ख्यकहरू विरुद्ध सैन्य कारबाहीपछि भागेका मानिसहरूलाई राखिएको छ ।

## चीनले रक्षा बजेट बढाएर सात दशमलव दुई प्रतिशत पुर्यायो

चीनले चालु वर्षको रक्षा बजेट ७ दशमलव २ प्रतिशत पुर्याएको छ । बेइजिङमा सुरु भएको राष्ट्रिय जनकङ्ग्रेस एनपीसीको प्रथम वार्षिक अधिवेशनमा सरकारी कार्यप्रतिवेदन प्रस्तुत गर्दै प्रधानमन्त्री ली खछ्याङले रक्षा बजेट बढाएर कुल बजेटको सात दशमलव दुई प्रतिशत पुर्याएको जानकारी दिनुभएको बीबीसीले जनाएको छ । मस्यौदा बजेट अनुसार रक्षा बजेट दुई सय २४ अर्ब ७९ करोड अमेरिकी डलर रहेको छ । गएको वर्ष रक्षा क्षेत्रको बजेट सात दशलमव एक प्रतिशत थियो । पश्चिमा देशहरुले चीनको सैन्य खर्चलाई विशेष चासोका साथ हेर्ने गरेका छन् । उनीहरूले रक्षा क्षेत्रमा चीनले अनपेक्षित रूपमा रकम विनियोजन गर्ने गरेको आरोप लगाउँदै आएका छन् । जटिल सुरक्षा चुनौतीको सामना गर्न तथा आफ्नो प्रमुख जिम्मेवारी पूरा गर्न प्रस्तुत गरिएको बजेटलाई १४औं राष्ट्रिय जन कङ्ग्रेसका प्रवक्ता वाङ चाओले उचित र व्यावहारिक भन्नुभएको बीबीसीले जनाएको छ । चीनको रक्षा बजेट संयुक्त राज्य अमेरिकाको झण्डै एक चौथाइ हो । ताइवानको विषयलाई लिएर बढेको अमेरिका(चीन तनाव पछिल्लो समय अमेरिकी आकासमा देखिएका बेलुनपछि थप बढेको छ । यस्तै उत्तरपूर्वी एसियामा बढिरहेको हतियारको होडबाजीका कारण पनि चीनले रक्षा बजेट बढाएको विश्लेषकहरु बताउँछन् ।

## विश्व बैंकले भारतलाई एक अर्ब अमेरिकी डलर स्वास्थ्य ऋण दिने

विश्व बैंकले भारतलाई महामारीको पूर्वतयारी र स्वास्थ्य सेवा प्रवाह प्रभावकारी बनाउनका लागि एक अर्ब अमेरिकी डलर ऋण उपलब्ध गराउने भएको छ । भारत सरकार र विश्व बैंकबीच भएको ऋण सम्झौतामा दुई फरक फरक ५० करोड अमेरिकी डलरको ऋण समावेश गरिएको छ । यी दुई परियोजनाले भविष्यमा हुने महामारीविरुद्ध देशको स्वास्थ्य प्रणाली प्रभावकारी बनाउने भारतको निर्णयलाई समर्थन गरेका बैंकका भारतमा रहेका देशीय निर्देशक अगस्टे तानो कोउमले निकालेको विज्ञप्तिमा उल्लेख छ । यसले जुनोटिक रोगलगायतका भाइरस पत्ता लगाउने भारतको क्षमतालाई पनि बढाउनेछ । मुख्यगरी आन्ध्र प्रदेश, केरला, मेघालय, उडिसा, पञ्जाब, तमिलनाडु र उत्तर प्रदेशमा स्वास्थ्य सेवा प्रवाहलाई प्राथमिकता दिने भारत सरकारको प्रयासलाई ऋण सहयोग रहेको छ ।

## नोबेल शान्ति पुरस्कार विजेता बेलारुसी अधिकारकर्मीलाई १० वर्षको जेल सजाय

बेलारुसको एउटा अदालतले नोबेल शान्ति पुरस्कार विजेता एलेस बियालियात्सकीलाई १० वर्षको जेल सजाय सुनाएको छ । बेलारुसी अदालतले ६० वर्षीय एलेसलाई १० वर्षको जेल सजाय सुनाएको मानवअधिकारवादी संस्था भियास्नाले जनाएको छ । भियास्ना एलेसद्वारा स्थापित मानवअधिकारवादी सङ्गठन हो । उनीमाथि सरकारविरोधी गतिविधि गर्नका लागि बेलारुसमा अवैध रूपमा पैसा भित्र्याएको आरोप छ । सार्वजनिक व्यवस्थाको उल्लङ्घन गर्ने कार्य तथा तस्करीमा दोषी ठहराइएको भियास्ना मानव अधिकार समूहले भनेको बीबीसीले उल्लेख गरेको छ । उनी यसअघि नै अनुसन्धानका लागि थुनामा रहेका थिए । सन् २०२२ को नोबेल शान्ति पुरस्कार एलेसका साथै रुस र युक्रेनको मानवाधिकार संस्था मेमोरियल तथा सेन्टर फर सिभिल लिबर्टीलाई दिइएको थियो ।

## ताइवानसँग हतियारको कारोबार बन्द गर्न अमेरिकालाई चीनको आग्रह

चीनले अमेरिकालाई ताइवानसँग हतियारको कारोबार बन्द गर्न आग्रह गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले अमेरिकालाई ताइवानसँग हतियार बिक्रीलगायतका कारोबार र सैन्य सम्पर्क बन्द गर्न आग्रह गर्नुभएको हो । अमेरिकी विदेश मन्त्रालयले अस्ति मात्रै ताइवानलाई नयाँ हतियार बिक्री गर्न अनुमति दिएको थियो । त्यसको जवाफमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले पत्रकार सम्मेलनमार्फत् ताइवान क्षेत्रमा अमेरिकी हतियार बिक्रीले एक चीन सिद्धान्तको गम्भीर उल्लङ्घन भएको बताउनुभएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । प्रवक्ता माओ निङले यस्ता कारोबारले चीनको सार्वभौमसत्ता र सुरक्षालाई कमजोर बनाउने तथा चीन(अमेरिका सम्बन्धमा थप क्षति पुर्याउने बताउनुभएको छ । साथै उहाँले ताइवानलाई प्रयोग गर्ने अमेरिकी प्रयास थप तनावको कारण बन्न सक्ने चेतावनी पनि दिनुभएको छ ।

## नाइजेरियाको राष्ट्रपतिमा सत्तारूढ दलका बोला टिनुबु निर्वाचित

नाइजेरियामा सत्तारूढ दल अल प्रोग्रेसिभ कंग्रेसका उम्मेदवार बोला टिनुबु ८७ लाख ९४ हजार मत ल्याएर राष्ट्रपतिमा निर्वाचित हुनुभएको त्यहाँको निर्वाचन आयोगले जनाएको छ । निर्वाचित ७० वर्षीय राष्ट्रपतिले आफ्ना निकटतम प्रतिद्वन्द्वी पूर्वउपराष्ट्रपति अतीकु अबुबाकरलाई पराजित गर्नुभएको आयोगले जनाएको छ । नेता अबुबाकरले ६९ लाख ८४ हजार मत प्राप्त गर्नुभएको छ भने उहाँलाई पछ्याउँदै लेबर पार्टीका उम्मेदवार पिटर ओबीले ६१ लाख मत पाउनुभएको राष्ट्रिय निर्वाचन आयोगका अध्यक्ष महमूद याकुबुले बताउनुभएको छ । यो चुनाव नाइजेरियाको इतिहासमा सबैभन्दा कडा प्रतिस्पर्धा भएको थियो । नेता टिनुबुको पकड बलियो रहेको लागोसका साथै देशको दक्षिण पश्चिम क्षेत्रमा आफ्नो गढ बनाएका ओबीलाई पराजित गर्नुभएको छ ।

# नारी दिबसको उपलक्ष्यमा एउटा छोटो लेख



डा. अमर कार्की,
वेस्ट पाम बिच , फ्लोरिडा

आमा तिमीले दुनियाँ देखायौ

प्रीय तिमीले बाँच्न सिकायौ

छोरी तिमीले हाँस्न सिकायौ

सबै मिली एउटा मान्छे बनायौ

नारी तिमीले यो संसार बनायौ !

हजुरआमा, आमा, दिदी, बहिनी, श्रीमती, छोरी अनि नातिनी सबै नारी त हुन् । सबै नारीहरुलाई शुभकामना ! हामीले नारीको हक हितका बारेमा सयौँ पुस्तक लेखेका छौँ , थुप्रै कार्यक्रम , सभा र गोस्ठीहरु गरेका छौँ । अझै पनि गर्ने छौँ । मैले पनि यस बिषयमा धेरै लेखेको छु रबोलेको छु। तर के साँच्चै परिबर्तन आएको छ ? आज म यही प्रश्नको उत्तर माग्दै छु

प्रकृतिले सृष्टिको लागि भाले र पोथी बनायो। भालेलाई शारिरिक रुपमा बलियो बनायो। पोथीलाई सुन्दर, नरम र दयालु बनायो। अनिसृस्टिको ९९% अभिभारा पोथी वा आमालाई दियो हो यहीं नेर आएर अन्याय गर्यो, पक्षपात गर्यो प्रकृतिले। असमानता त यहींबाटशुरु भएको हो नि। तर हामी भाले र पोथी मात्रै हौं र ? हामी त बुद्दि जिबी प्रणी हौं मानब हौं त्यो पनि २१ सौशताब्दिको

आज भन्दा हजारौं बर्ष पहिले जब मानब जातीहरुले खेति पाती र कमाइ गर्ने चलन थिएन त्यतिबेला एउटा परिवारको मुली महिला हुन्थिन रे। उनकै खटनपटनमा बाकी सदस्यहरु चल्दथे तर जब खेतिपाती र पशुपालनको चलन आयो तब पुरुषहरु बलिया हुने भएकाले बाहिर काममा उनीहरु नै जाने भए। उनीहरुले कमाएर लेराएर परिवारको पालन पोषण हुन थालेपछि उनीहरुको हैकम चल्न थाल्यो। एउटा परिवार, समाज र सँगठनको प्रमुख सबैभन्दा बलियो ब्यक्ति भयो। त्यो अबस्य पुरुष नै हुने भयो। बिस्तारै जब चेतना बढ्दै गयोअली पढे गनेका पन्डित र गुरुहरुले डरले भनौं या गुलामीले तिनै पुरुषहरुको हित हुने गरि, उनीहरुलाई देबता सरह बनाएर वा पापको डर देखाएर शास्त्र लेखे , नियम कानुन बनाए। त्यसैलाई धर्म र संस्कारको रुपमा स्थापना गराए। पुरुषलाई ठुलो बनाउने र फाइदा पुर्याउने धर्म संस्कारको उनीहरुले बिरोध गर्ने त कुरै भएन। स्वयम महिलाहरुले पनि पुरुषहरुलाई खुशी बनाउनको लागि यि चिजहरुलाई प्रसय दिइ नै रहे। र आज पनि दिदै छन्।

बास्तबमा चेतना आउन र लेराउन समय र परस्थिति बाधक होइन बाहना मात्र हो । यसको ज्वलन्त उदाहरण हो "युगमाया" । आज भन्दासय बर्ष अघि, जुनबेला एउटा छोरी भएर जन्मनु अभिषाप नै मानिन्थ्यो, त्यतिबेला एउ टा दुर्गम क्षेत्रमा एक अशिक्षित महिलाले नारीअधिकार र सामाजिक बिकृति बिरुद्द आन्दोलन गरेको इतिहास हो "युगमाया"। तर त्यो बेलाको समाज र पुरुषबाट पनि उनको हिम्मतलाई सहयोग मिलेको थियो भने आज त परस्थिति धेरै फरक छ। तैपनि आजका शिक्षित , सम्पन्न अनि स्वतन्त्र महिलाहरु पनिधेरै पक्षपाती कुप्रथालाई कायम राख्न मद्दत गरिरहेक छन र आफुले पनि पालन गरि रहेका छन् । किन त ?

हिम्मत गरे नारी सर्बोपरी
नत्र त सधै अबला नारी

मेरो छोरीको एउटा साथी एउटा सँस्थामा इन्जिनियरको जागिर खान गैइन्। जागिर शुरु गरेको दुई महिना पछि उनले के थाहा पाइन भने उनकै पदमा काम गर्ने उनको केटा साथीले उनको भन्दा बार्षिक २० हजार डलर बढि तलब पाउदा रहेछन् । उनले पनि आफ्नो तलब त्यही बराबर गर्न माग गर्ने बिचार गरिन् । उनलाई डर पनि लाग्यो कतै उनको जागिर जाने त होइन भनेर। तर उनले यो आफ्नो अधिकार हो र यसको लागि लड्नै पर्छ भनेर अठोट गरिन् । आफ्नो हाकिमकोमा यो कुरा लिएर माग गर्न गैइन । त्यहाँ उनीहरुको निकै बहस भयो । त्यसपछि उनी अर्को जागिर खोज्न पनि थालिसकेकी थिइन् । तर केही दिन पछि उनको तलब बढाएर केटा इन्जिनियरको बराबर गरिएको पत्र आयो। हामीमा डर छ। धर्म र सँस्कृतिको डर । समाजको डर। नत्र के बिकसित मुलुकमा बसेका र घुमेका नेपाली नारीहरुले देखेका र बुझेका छैनन त हिन्दु बाहेक अरबौ अरु महिलाहरु पनि महिनावारी हुन्छन् । तर ति पर सर्दैनन भनेर। ति पनि आआफ्ना भगबान पुज्छन खै त तिभस्म भएका , खै त तिनलाई पाप लागेको ?

कहाँबाट आयो कुन्नि यो महिला पर सर्ने चलन ?

को हो चलाउने सबैभन्दा पहिला पर सर्ने चलन ?

संसार भरी सबै महिलाहरु महिनाबारी हुन्छन

हाम्लाई मात्र किन चाहिने होला पर सर्ने चलन ?

हामी हाम्रा छोरीहरुलाई हाम्रो कुसंस्कार अनुसार ढल्न बाध्य बनाउछौं यही रित सिकाउछौं हामीले त छोरीहरुलाई सहज हुने गरि हाम्रो संस्कारलाई पो बदल्नु पर्ने होइ न र ? मेरो खुल्ला प्रस्न आजको लागि महिलाहरु सँग। अझैँ कानुन बनाउन हैसियत राख्ने महिला जमातसँग। बिडम्बना हेर्नुत

लोग्ने म त पहिले खाएँ पछि तिम्ले खायौ
चुलो चौका सकिवरी जागिरमा नी धायौ
राष्ट्रपति महिला देशको तर लाजमर्दो कानुन
म नै चाहिने नागरिकतामा छोरी तिम्ले पायौ

झट्ट हेर्दा गौण लाग्ने यिनै कुराहरुले नारीहरुमा मनोबल घटाउँछ। महिलाहरुले आफु भित्रको यो डरलाई परास्त गर्नु पर्यो। सामाजिक, आर्थिक, साँस्कृतिक , शैक्षिक र राजनैतिक अधिकार लिनको लागि लडाइँ आफैभित्रबाट सुरु गर्नु पर्छ ।

अन्तमा सबै नारी आमा हुन् र हुन्छन त्यसैले उनीहरुको लागि यि दुई हरफ लेखेको छु ।

तिम्रो काख भन्दा अरु केही, नरम छैन मलाई
तिम्रो सामु यो शिर झुकाउन, शरम छैन मलाई
मठ, मन्दिर र चर्च कतै जान्न म आमा, किनकि
भगबान भन्दा महान है तिमी, भरम छैन मलाई
धन्यबाद !

## कान्छीको संवेदना



राधा कार्की

कैयौँ चोटि सल्बलाए कान्छीमाथि
आक्षेपका कोर्राहरू
विभेदका शूलहरू हिनहिनाए
ऊ पटक पटक लुछिइरही
आफन्तहरूबाटै नीचतापूर्वक ।

उसले आफ्नो चौबन्दी जोगाउन
यावत् प्रयत्न गरी
रेसमी कपडा ओढ्नेहरूलाई
के थाहा
चौबन्दीको इज्जत कति छ ?
निरन्तर खटिइरही ऊ
आफ्नै जिन्दगीको एक्लो बारीमा !

मानव अधिकारको बोटैमुनि
कसैले सुनेन
उसको जीवनको चीत्कार
मौन छ सारा लोक
टुँडिखेलको मौन सालिकझैँ !

आजकाल
लाग्न थालेको छ कान्छीलाई
सल्काउनु पर्छ डढेलो
ती कुरूपता ओढेका दृष्टिहरूमा ।

# डा. जीवन नामदुङको "उल्लेख" एक उल्लेखनीय कृति

नवीन पौड्याल

१.आमुख-

नेपाली साहित्यमा जीवन नामदुङको नाम आदरको साथ लिइने गरिन्छ । उनको जन्म ८ डिसेम्बर, १९५१ मा सोनादामुनि मुन्डाकोठीमा भएको हो । उनी एक सफल लेखक, एक कुशल साहित्य सङ्गठक र एक गहन अध्येता हुन् । साहित्य अकादमीको नेपाली भाषा परामर्श समितिका संयोजक रहेर उनी नेपाली साहित्यको श्रीवृद्धि, संरक्षण र प्रवर्द्धनका निम्ति निरन्तर रूपमा कर्मरत छन् । उनी नेपाली साहित्यमा एक वरिष्ठ कवि, दक्ष समालोचक, एक गहन अध्येता, एक सचेत अनुसन्धाता र एक कुशल अनुवादक हुन् । उनी साहित्यको मन्दिरमा उनले सम्पादित, अनूदित र मौलिक गरी तीसभन्दा बढी कृतिहरू चढाइसकेका छन् । उनले एकपछि अर्को गर्दै कृतिहरू प्रकाशित गर्ने क्रम जारी राखेका छन् । यसका साथै उनले एकैचोटि आफ्ना चौधवटा कृतिको विधिवत् लोकार्पण गरेको कीर्तिमान कायम पनि गरेका छन् । उनी नेपाली भाषा र साहित्यको विकासमा दत्तचित्तले लागिपरेका छन् ।

भारतीय नेपाली साहित्यको क्षेत्रमा सबैभन्दा बढी सङ्ख्यामा पुस्तक प्रकाशित गर्ने जीवन नामदुङ बनेका छन् । हालसम्म उनका मौलिक, अनुदित, सम्पादित गरी जम्मा अड्चालिसवटा पुस्तकहरू प्रकाशित छन्। यी पुस्तकहरूको सूची यस प्रकारको छ- नेपाली साहित्यका भौंप्वालहरू (१९७८), जयदेव ( अङ्ग्रेजीबाट नेपाली अनुवाद, १९८४), जयशङ्कर प्रसाद (अङ्ग्रेजीबाट नेपालीमा अनुवाद, १९८५), जीवन नामदुङका कविताहरू (कवितासङ्ग्रह, १९८६), हरिभक्त कटुवाल (व्यक्ति आलेख, १९९०), समय चुपचाप बोल्छ ( कवितासङ्ग्रह, १९९१), पर्यवेक्षण, ( समालोचना, १९९२), महामानव ( खण्डकाव्य), महामावन (असमीय भाषामा द्दण्ड), समकालीन नेपाली समालोचना, अगमसिंह गिरीका कविताको अध्ययन र आधार (२०००), प्रेम थापाका कथाहरू (सम्पादन, २००१), गाब्रियल राणाका कथाहरू ( सम्पादन, २००१), सुखनमका कथाहरू (सम्पादन, २००१), हरिप्रसाद गोर्खा राईका कथाहरू (सम्पादन, २००१), वैशाख (कवितासङ्ग्रह, २००२), मितेरी साइनो, (लेखसङ्ग्रह, २००२), बलिको पर्वत (सम्पादन, कुमार घिसिङका कविता सङ्कलन, २००७), उल्लेख ( लेखसङ्ग्रह, २००), रणजीत सुब्बाका कथाका कथाहरू (सम्पादन, २००७), बल देवानका कथाहरू (सम्पादन, २००७), समारोहमा समारोहहरूमा ( कवितासङ्ग्रह, २००८), स्वातन्त्रोत्तर भारतीय नेपाली कविताहरू (सम्पादन, २००८), इगतकतबलमष्लन म्चभकक या म्ष्कउयकभम र्जी, २००८), भूमिका कतिपय (२००९), अक्षर अभिलेख ( कवितासङ्ग्रह, २०१०), अनावरण (हिन्दी कवितासङ्ग्रह, अनुवाद मैना थापा, २०१४), अक्षया ङिन्दी कवितासङ्ग्रह, अनु. ओमनारायण गुप्त, २०१४), विश्वनाथप्रसाद तिवारीका कविताहरू (नेपाली अनुवाद, २०१४), The contribution of Haribhakta Katuwal (जीवनी, २०१४), शिवकुमार राईका नाटकहरू : एक अध्ययन (२०१४), बोधार्थ ( समालोचना, २०१४), यादहरूहरूको यन्त्रणा (संस्मरण,२०१४), द्रष्टव्य ( लेखहरू, २०१४), खस्रो मसिनो ( कथासङ्ग्रह, २०१४), केही सम्पादकीय : केही पाठकीय (२०१४), मेरा दुई नाटक (नाटक, २०१४), अनुहारको आयतन (निबन्धसङ्ग्रह, २०१४), ँयच तजभ तष्भ द्यभष्लन (अं. कवितासङ्ग्रह, अनुवाद- सुवास दीपक, २०१४), भूमिका कतिपय (खण्ड-२, २०१४), केही गीत : केही मुक्तक (२०१४), विचरण र विचलन (समालोचना, २०१७), डुवर्स : एक अध्ययन (२०१७), यादहरू संवादहरूमा (२०१७), अक्षर अभिलेख (राजेन्द्र ढकालद्वारा हिन्दी अनुवाद, २०१७), अगममसिंह गिरीका कविताको अध्ययन र आधार (मणिका मुखियाद्वारा अङ्ग्रेजीमा अनुदित, २०१७)। २०१४ मा उनका एकैपटकमा चौधवटा पुस्तकहरू लोकार्पित भएको इतिहास छ ।

२. समालोचकका रूपमा डा जीवन नामदुङ-

माथिका पुस्तक सूची हेर्दा उनी एक समालोचक, कवि, कथाकार र निबन्धकार हुन्। यद्यपि उनको समालोचक व्यक्तित्व सबैभन्दा प्रखर देखिन्छ। सन् १९७८ मा नेपाली साहित्यका भौंप्वालहरू लिएर नेपाली समालोचनामा देखा परेका हुन्। त्यसपछिदेखि उनले यस क्षेत्रमा धेरै काम गरिसकेका छन् । नेपाली साहित्यका भौंप्वालहरू, उल्लेख, पर्यवेक्षण, समकालीन नेपाली समालोचना (सम्पादन), अगमसिंह गिरीका कविताको अध्ययन र आधार, भूमिका कतिपय (आंशिक समालोचना), बोधार्थ, केही समापदकीय केही पाठकीय, विचरण र विचलन आदि उनकतका समालोचनाका पुस्तक हुन्। नेपाली साहित्यमा उनको कवि व्यक्तित्वबाहेक एक डा. नामदुङ मूल रूपमा एक दक्ष समालोचक हुन् । उनको कलमबाट भारतका विभिन्न प्रान्तका नेपाली स्रष्टाहरू आलोकित, आलोचित र उपकृत भएका छन् । केही ओझेलमा परेका पुराना र नयाँ लेखकहरूलाई डा. नामदुङले कुनै न कुनै रूपमा उत्खनन् र आलोकित गरेका छन् । उनी नयाँ नयाँ लेखकहरूका कृति पढ्न र तिनमाथि समीक्षाको आलोक दिएर कृतिलाई उपकृत पार्दछन्। उनका समीक्षाहरूमा विषयवस्तु अन्वेषणपरकता, तथ्यात्मकता, सूचनापरकता, गहन विश्लेषण, इतिहासपरकता आदि गुण पाइन्छन् ।

३. उल्लेखको समीक्षा-

डा नामदुङको सन् २००६ मा प्रकाशित समीक्षात्मक लेखसङ्ग्रह उल्लेख नेपाली साहित्यको निम्ति एक उल्लेखनीय र महत्त्वपूर्ण कृति हो। यसमा जम्मा एक्काइसवटा समीक्षात्मक लेखहरू सङ्गृहीत छन्। यसमा रहेका लेखहरूलाई डा. नामदुङ आफैंले भूमिकामा प्रवृत्तिगत, विवृत्तिगत, विधागत, धारागत, जीवनीपरक गरी पाचवटा विषयवस्तुगत वर्गीकरण गरेका छन्। यद्यपि यसमा रहेका लेखहरूको अध्ययन गर्दा अर्को विषयवस्तुगत वर्गीकरण पनि गर्न सकिने ठाउँ देखिन्छ। यस नयाँ वर्गीकरणहरू गर्दा यहाँ जम्मा चार किसिमका छुट्याउन सकिन्छ - १. सर्वेक्षणपरक २. कृतिपरक ३. कृतिकारपरक र ४. भाषापरक। यसमा रहेका सर्वेक्षणपरक लेखहरूमा आधुनिक नेपाली कविता, दार्जिलिङको बालकथा साहित्य - एक अध्ययन, हास्य व्यङ्ग्य साहित्य दार्जिलिङको, समकालीन नेपाली उपन्यासमा राजनैतिक चेतना, भारतीय नेपाली समालोचनाको परम्परा र प्रवृत्ति रहेका छन्। यसमा विधागत साहित्यिक सर्वेक्षण मात्र नभई प्रवृत्तिगत, स्थान-कालगत, मूल्याङ्कन गत जस्ता विशेषताहरू देखा पर्दछन्।

यसै गरी उल्लेखमा उल्लिखित कृतिकारपरक लेखहरूमा शिवकुमार राई, जी. छिरिङ, जगत छेत्री, रधिका राया, अगमसिंह गिरी, डी तामाङ अग्नि, ठाकुर चन्दनसिंह आदिका कृत्तित्व र व्यक्तित्वाथि गहन अध्ययन प्रस्तुत गरेका छन्। यसमा शिवकुमार राईको कथाकारितामाथि आफ्नो गहन अध्ययन गरेका छन्। शिवकुमार राईको कथाकारितामाथि एउटा विश्लेषणात्मक र मूल्याङ्कनात्मक लेख निकै महत्त्वपूर्णको छ । यसमा कथाकार शिवकुमार राईको समग्र कथाकारिता र र तिनको कथागत प्रवत्तिको लेखाजोखा गरिएको छ। डा नामदुङ अनुसार शिवकुमार राईले आफ्नो जीवनको त्रिपन्न वर्षमा जम्मा चौवालिसवटा कथा दिएका छन्। उनले राईका कथालाई जातीय अस्मिताको पीडा, आञ्चलिकता, ऐतिहासिक प्रसङ्ग, प्रणयवेदना, मानवेतर पात्र चयन, रहस्य रोमाञ्च, सांस्कृतिक चेतना, मनोवैज्ञानिकता, मानवीय आदर्शको स्थापनाको प्रयत्न आदि जस्ता विषयवस्तुका रूपमा वर्गीकरण गर्दै प्रवृत्तिका आधारमा प्रायः एकेकवटा कथालाई केलाएका छन्। यीबाहेक शिवकुमार राईले आफ्ना कथामा नेपाली समाजको प्रतिविम्बन गर्न कुशल छन् भनी खुट्याएका छन्। यस माथिका एकेकवटा प्रवृत्तिका आधारमा एकेकवटा कथाको समीक्षा गरेका छन्। यस लेखमा राईमाथि आफ्नो पुस्तकको लगभग चालिस पृष्ठ जति खर्चेर शिवकुमार राईका बाँकी ६ पृष्ठमा

# 'भाषा, व्याकरण र गुरुङ वाक्यविज्ञानः एक परिचय' सार्वजानिक

गण्डकी । शिक्षासेवी रत्नमान गुरुङद्वारा नेपाली, अङ्ग्रेजी र गुरुङ भाषामा लिखति 'भाषा, व्याकरण र गुरुङ वाक्यविज्ञानः एक परिचय' नामक पुस्तक प्रकाशनमा आएको छ । पोखरामा शनिबार आयोजित एक कार्यक्रमका बीच नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति साहित्यकार सरुभक्तले पुस्तकको लोकार्पण गर्नुभयो । साहित्यकार गुरुङ करिब चार दशकदेखि पोखराको शैक्षिक उन्नयनका क्षेत्रमा क्रियाशील हुनुहुन्छ । प्याब्सन, नेल्टा र रोटरी क्लब अफ मिडटाउनका पूर्व अध्यक्ष रहनुभएका उहाँ हाल गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका अध्यक्ष रहनुभएको छ ।

कार्यक्रममा वरिष्ठ सहित्यकार सरुभक्तले भाषा र साहित्य क्षेत्रका रत्नका रूपमा रत्नमान उदाएको जनाउँदै गुरुङ भाषा विज्ञान जस्तो गहन विषयमा कृति प्रकाशन गरेकामा प्रशंसा गर्नुभयो ।उहाँले भन्नुभयो,"साहित्यकार र भाषाविद् हुनु फरक कुरा हुन् । हाम्रा मातृभाषा लोपोन्मुख अवस्थामा पुगिरहेका छन् । भाषिक समुदाय वर्गीकृत भएर होइन, एकीकृत भएर अघि बढ्नु पर्छ । कृतिको समीक्षा गर्दै पृथ्वीनारायण क्याम्पसका नेपाली विभाग प्रमुख प्राडा. कुसुमाकर न्यौपानेले नेपाली र अङ्ग्रेजी भाषाका अध्येताका लागि गतिलो पुस्तकका रूपमा उक्त कृतिलाई चित्रण गर्नुभयो । कृतिको पहिलो भागमा भाषा, व्याकरण र लिपिका बारेमा बृहत्त चर्चा गरिएको छ र यसैगरी दोस्रो भागमा गुरुङ वाक्यविज्ञानसम्बन्धी उल्लेख गरिएको छ ।

कार्यक्रममा पुस्तकका लेखक गुरुङले आफ्नो अध्ययन गर्ने बानीको उपज यो पुस्तकको सिर्जना भएको र क्रमशः ध्वनिविज्ञान, वर्णविज्ञान, अर्थविज्ञान आदिमा पनि कलम चलाउँदै जाने बताउनुभयो ।कार्यक्रममा गीतकार तथा तमु धीँ युकेका सल्लाहकार एकेन्द्र गुरुङ, कृतिका प्रकाशक भक्तिदेवी गुरुङ, गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका पूर्व अध्यक्ष सुन्दर गुरुङ, शिक्षाविद् जर्ज जोन, साहित्यकार रुपिन्द्र प्रभावी, तमु धीँ नेपालका अध्यक्ष हुमबहादुर गुरुङ, कवि चित्रकुमार गुरुङ लगायतले पुस्तकको समीक्षा गर्नुभयो ।





# गोकुलगङ्गा गाउपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता



ठोसेको सारादा मावि ५ स्वर्ण,७ रजत, ६ कास्यसहित दोस्रो



वेतालिको जन जागृती मावि स्वर्ण ५, रजत ४, कास्य ४ सहित तेस्रो




## सार्वजनिक सेवालाई पारदर्शी बनाऔं ।

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं ।
- सेवाग्राहीले सहज र सोभ्रै सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं ।
- सकेसम्म सेवाग्राही आफैंले सेवा प्राप्त गर्ने गरौं ।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : इंन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस